# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३४८ | काठमाडौं | शुक्रबार, ४ वैशाख २०८३ | Prabhab National Daily | Friday, 17 April 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ |–



**खोप लगाऔं, रोगबाट बचौं र बचाऔं ।**

- सबै बालबालिकालाई तोकिएको समयतालिकाअनुसार खोप लगाऔं ।
- नवजात शिशुदेखि किशोर अवस्थासम्म आवश्यक सबै खोप दिऔं ।
- गर्भवती महिलाले पनि आवश्यक खोप समयमै लगाऔं ।
- खोप लगाउँदा स्वास्थ्यकमीको सल्लाह र निर्देशन पालना गरौं ।
- खोप कार्ड अद्यावधिक गरी सुरक्षित राखौं ।
- नजिकको स्वास्थ्य संस्थामा उपलब्ध नि:शुल्क खोप सेवावारे जानकारी लिऔं ।
- समुदायमा खोपप्रति सकारात्मक सोच विकास गरौं ।
- खोप सुरक्षित, प्रभावकारी र जीवनरक्षक हुन्छ भन्ने जानकारी दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


**सन्दर्भ: वैदेशिक रोजगार**

पश्चिम एसिया द्वन्द्वको प्रभावमा वैदेशिक रोजगार

# संस्थागत रोजगारी घट्यो, पुन:श्रम स्वीकृतिले धान्दै

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** पश्चिम एसियामा जारी द्वन्द्वकाबीच पनि वैदेशिक रोजगारीमा जानेहरूको संख्यामा भने ठूलो गिरावट नआएको पाइएको छ । चालु आर्थिक वर्षको नौ महिनामा रोजगारीको खोजीमा पाँच लाख ८७ हजार ३३२ जना विभिन्न मुलुकमा गएको तथ्यांक वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको छ । यो संख्या संस्थागत, व्यक्तिगत र श्रम स्वीकृति नवीकरण (पुन: श्रम स्वीकृति) गरेर गएकाहरूको हो ।

विभागको चालु आर्थिक वर्षको तथ्यांक हेर्दा प्रत्येक महिना औसतमा ६५ हजार ६०० जनाभन्दा बढी कामदार रोजगारीमा गएको पाइन्छ । पछिल्लो महिना चैतमामात्र ६१ हजार ८१९ जना रोजगारीमा गएका छन् । साउदी अरब, युनाइटेड अरब इमिरेट्स

> पहिलोपटक रोजगारीमा जानेको संख्या भने घटेको छ । चैतमा जम्मा २० हजार २१० जनामात्र पहिलोपटक रोजगारीमा गएका छन् । पुन: श्रम स्वीकृति लिएर ४१ हजार २७४ जना गएको विभागको तथ्यांक छ ।

(युएई), कतार लगायतका प्रमुख रोजगार गन्तव्य बन्द हुँदा विदेसिनेको संख्या न्यून हुने आकलन गरिएको थियो । यद्यपि, यस अवधिमा श्रम स्वीकृति नवीकरण गरेर जानेहरूको संख्यामा उल्लेख्य वृद्धि हुँदा विदेसिनेको समग्र संख्यामा भने भारी गिरावट नआएको देखिन्छ । पहिलोपटक रोजगारीमा जानेको संख्या भने घटेको छ । चैतमा जम्मा २० हजार २१० जनामात्र पहिलोपटक रोजगारीमा गएका छन् । पुन: श्रम स्वीकृति लिएर ४१ हजार २७४ जना गएको विभागको तथ्यांक छ । रोजगारीको अवस्था सामान्य हुँदा हरेक महिना २० देखि २५ हजारको हाराहारीमा श्रम स्वीकृति नवीकरण गरेर जाँदा ४० देखि ४५ हजार युवा पहिलोपटक रोजगारीमा जाने गरेका थिए ।

विभागको तथ्यांकअनुसार म्यानपावरमार्फत जाने श्रमिकको संख्यामा भने ठूलो गिरावट आएको छ । रोजगारीको अवस्था राम्रो हुँदा म्यानपावरमार्फत मासिक ३० हजारभन्दा बढी श्रमिक रोजगारीमा जान्थे । जेन-जी आन्दोलनपछि घट्न थालेको यस्तो संख्या चैतमा सबैभन्दा न्यून देखिएको छ । उक्त महिनामा ११ हजार ५५ जनामात्र संस्थागत माध्यमबाट रोजगारीमा गएका छन् ।

⏭ क्रमश: पृष्ठ २ मा

# राहदानीमा लगाएको छापप्रति अध्यागमनको ध्यानाकर्षण

**काठमाडौं (प्रस)–** युनाइटेड अरब इमिरेट्स (युएई) जाने नेपाली नागरिकको राहदानीमा 'इम्प्लोइमेन्ट इज स्ट्रिक्ट्ली प्रोहिबिटेड' लेखिएको विषयमा गम्भीर ध्यानाकर्षण भएको अध्यागमन विभागले जनाएको छ । गृह मन्त्रालयअन्तर्गतको विभागले विज्ञप्ति जारी गर्दै विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा सार्वजनिक भएका समाचार तथा टिप्पणीप्रति ध्यानाकर्षण भएको जनाएको हो ।

विभागका निर्देशक टीकाराम ढकालले जारी गरेको विज्ञप्तिमा कुनै पनि नेपाली नागरिकलाई कानुनभन्दा बाहिर गएर अनुमति दिने अध्यागमन प्रशासनको कुनै नीति या निर्णय नभएको प्रस्टचाइएको छ । गैरकानुनी अभ्यास गर्ने कर्मचारीलाई कारबाहीका लागि आन्तरिक छानबिनको प्रक्रिया अगाडि बढाइएको पनि विभागले जनाएको छ । युएई जाने नेपालीको राहदानीमा 'रोजगारी पूर्णरूपमा निषेध' भनेर लेखिएको छाप हानेको पाइएको हो ।

विभागले यात्रु आवागमनलाई झण्झटरहित बनाउन नीतिगत सहजीकरण र अध्यागमन प्रणालीको आधुनिकीकरणमासमेत काम गरिरहेको विज्ञप्तिमार्फत जनाएको छ ।

⏭ क्रमश: पृष्ठ २ मा

# जरुरी पक्राउ पूर्जीको दुरूपयोग गर्दै सरकार

- सरकार 'जरूरी पक्राउ पूर्जी'को दुरुपयोग गरेर आरोपीहरु पक्राउ गर्दै
- पक्राउको कानुनी मापदण्ड पूरा नगरेको सर्वोच्चको ठहर
- सरकार स्वेच्छचारी हुन सक्ने चिन्ता प्रकट

■ **जेबी योञ्जन**




**काठमाडौं–** सरकारले विधि र प्रक्रिया पूरा नगरी आरोपीलाई पक्राउ गर्न थालेपछि सर्वोच्च अदालतले हस्तक्षेप गरेको छ । पक्राउदेखि म्याद थपसम्मको कानुनी प्रक्रिया पूरा नगरेको भन्दै सर्वोच्चले एकपछि अर्को आरोपीलाई छाड्न आदेश दिएको हो ।

'पहिले प्रमाण, पछि पक्राउ' गर्नुपर्ने विधिशास्त्रको आधारभूत मान्यताविपरीत बालेन सरकारले पक्राउ गरेर म्याद थप गरी अनुसन्धानका लागि हिरासतमा लिएका अधिकांश आरोपीहरू हिरासतमुक्त भएका छन् ।

यसले बालेन सरकारले अपनाएको पक्राउ शैलीमाथि गम्भीर प्रश्न उठेको छ । बिहीबारमात्रै विधि र प्रक्रिया पूरा नगरी पक्राउ गरिएको भन्दै पूर्वमन्त्री दीपक खड्कालाई तत्काल थुनामुक्त गर्न आदेश दिएको छ । अदालतले उनको पक्राउदेखि म्याद थपसम्मका सम्पूर्ण प्रक्रियामा कानुनी मापदण्ड पालना नगरेको ठहर गरेको छ । कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल र न्यायाधीश श्रीकान्त पौडेलको संयुक्त इजलासले खड्काविरुद्ध दायर बन्दीप्रत्यक्षीकरण रिटमा सुनुवाइ गर्दै उनलाई हिरासतमा राख्दा 'उचित विधि र प्रक्रिया' पूरा नभएको निष्कर्ष निकालेको हो । अदालतले आफ्नो आदेशमा स्पष्ट रूपमा पक्राउ पूर्जी जारी गर्नेदेखि म्याद थप गर्ने प्रक्रियासम्म कानुनसंगत नदेखिएको उल्लेख गरेको छ । साथै, आरोपको प्रकृति हेर्दा अनुसन्धान हिरासत बाहिर बसेरै गर्न सकिने भन्दै तत्काल रिहा गर्न आदेश दिएको छ । यद्यपि, उनलाई विदेश जान भने सम्बन्धित अदालतको अनुमति लिनुपर्ने शर्त राखिएको छ ।

सर्वोच्च अदालतको यो आदेश एक व्यक्तिको रिहासम्म मात्रै सीमित छैन, यसले सरकारद्वारा पक्राउका लागि प्रयोग गरिएको कानुनी उपकरणहरूको दुरूपयोगमाथि गम्भीर टिप्पणी गरेको छ । विशेषगरी 'जरुरी पक्राउ पूर्जी' को प्रयोगबारे अदालतले कडा आपत्ति जनाएको छ । कानुनअनुसार यस्तो पूर्जी अत्यन्त संवेदनशील र अपवादात्मक अवस्थामा मात्र प्रयोग गर्न मिल्छ, जस्तो कि अभियुक्त भाग्ने स्पष्ट जोखिम होस् वा प्रमाण नष्ट गर्ने सम्भावना होस् । तर खड्काको हकमा यस्ता कुनै आधार पुष्टि भएको देखिएन ।

> जरुरी पक्राउ पूर्जी अत्यन्त संवेदनशील र अपवादात्मक अवस्थामा मात्र प्रयोग गर्न मिल्छ, जस्तो कि अभियुक्त भाग्ने स्पष्ट जोखिम होस् वा प्रमाण नष्ट गर्ने सम्भावना होस्
>
> ■ **सर्वोच्च अदालत**

सम्पत्ति शुद्धीकरण विभागको प्रारम्भिक प्रतिवेदनमा खड्काविरुद्ध कुनै स्पष्ट आपराधिक अभिलेख वा कसूर नै पहिचान नभएको उल्लेख हुँदाहुँदै उनलाई हिरासतमा राखिएको तथ्यले पनि सरकारको कार्यशैलीमाथि थप प्रश्न उठाएको छ । अदालतका अनुसार कसूर नै स्पष्ट नभएको अवस्थामा व्यक्तिलाई थुनामा राख्नु न्यायोचित हुन सक्दैन ।

⏭ क्रमश: पृष्ठ २ मा

# निजी सञ्चार माध्यममा सरकारी विज्ञापन रोक्ने सरकारको निर्णयमा कांग्रेसको आपत्ति

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** निजी सञ्चार माध्यमलाई सरकारी विज्ञापनबाट वञ्चित गर्ने वालेन्द्र शाह नेतृत्व सरकारको निर्णयप्रति नेपाली कांग्रेसले आपत्ति जनाएको छ । सरकारको यस्तो निर्णयले संविधानले प्रत्याभूत गरेको अभिव्यक्ति स्वतन्त्रता तथा प्रेस स्वतन्त्रतामाथि प्रत्यक्ष आघात पुग्ने कांग्रेसले जनाएको छ । कांग्रेस कार्य सम्पादन समितिको बैठकले निजी सञ्चार माध्यमलाई सरकारी विज्ञापनबाट वञ्चित गर्ने कदमले संवैधानिक अधिकारमा गम्भीर आघात पुऱ्याएको जनाएको छ । 'सरकारले नियमन गर्न सक्छ तर चयनात्मक व्यवहार गर्न सक्दैन,' बैठकपछि कांग्रेस प्रवक्ता देवराज चालिसेद्वारा जारी बक्तव्यमा भनिएको छ,'निर्णय सच्याई समान व्यवहार गर्न सरकारलाई आग्रह गरिन्छ ।'

बैठकपछि जारी गरिएको निर्णयमा सरकारले नियमन गर्ने अधिकार भए पनि कुनै विशेष सञ्चार माध्यमलाई लक्षित गरी विभेदपूर्ण नीति अपनाउनु लोकतान्त्रिक मूल्य र मान्यताविपरीत भएको उल्लेख गरिएको छ । विज्ञापन वितरण प्रक्रियालाई पारदर्शी, न्यायोचित र मापदण्डमा आधारित बनाउन पनि कांग्रेसले जोड दिएको छ । सरकारले चैत १८ गते मातहतका निकायलाई सरकारी विज्ञापन सरकारी मिडियामामात्र प्रकाशन/प्रसारण गर्न परिपत्र गरेको थियो । उक्त परिपत्रको चौतर्फी विरोध हुन थालेको छ ।




# रगतको माग बढ्दो, दाता घट्दो

■ नारायण अधिकारी



**चितवन–** जिल्लामा रगतको माग बढ्दै जाँदा रक्तदाताहरूको संख्या बढ्न सकेको छैन । बर्सेनि रगतको माग क्रमशः बढ्दै गए पनि रक्तदान गर्नेहरूको संख्या भने बढ्न नसकेको हो । नेपाल रेडक्रस सोसाइटी प्रादेशिक रक्तसञ्चार केन्द्र भरतपुरका प्रमुख रमेशकान्त पौडेलका अनुसार जिल्लामा रगतको माग दैनिक माग बढ्दो छ । उनका अनुसार जिल्लामा दैनिक १५० युनिटसम्म रगतको माग हुने गर्दछ । यस आर्थिक वर्षको फागुनसम्ममा १६९ स्थानमा भएका रक्तदान कार्यक्रममा ११ हजार ५३२ युनिट र केन्द्रमा आएर दिएको संख्या तीन हजार १८१ छ ।

अघिल्लो आव २०८१/८२ मा २८७ स्थानमा भएका रक्तदानमा १८ हजार ५७७ युनिट र केन्द्रमा चार हजार ६४० युनिट रगत संकलन भएको थियो । आव २०८०/८१ मा २९८ स्थानमा भएको रक्तदान कार्यक्रमबाट १८ हजार ४०९ युनिट र केन्द्रमा छ हजार ९२० युनिट रगत संकलन भएको थियो । यसलाई हेर्दा केन्द्रमा आएर रक्तदान गर्नेहरूको संख्या घट्दो छ । गत वर्ष यहाँ ब्लड डोनर्स सोसाइटीले रक्तदान महोत्सव नै आयोजना गरी एक हजार ७१७ युनिट रगत संकलन भएको थियो ।

प्रमुख पौडेलले देशैभरबाट बिरामी यहाँ आउने भएकाले रगतको माग बर्सेनि बढेको बताए । रक्तदान गर्ने युवा जनशक्ति विदेश गएको, उमेर बढ्दै गएपछि उच्च रक्तचाप, मधुमेहजस्ता रोगका कारण रक्तदान गर्न नमिल्ने भएका कारण दाता घटेको उनको भनाइ छ । उनले भने, 'दाता घट्ने र माग बढ्ने हुँदा सन्तुलन मिलाउन कठिन हुने गरेको छ ।' यहाँ माग उच्च हुँदा छिमेकी जिल्लाहरूबाट समेत रगत ल्याउने गरिन्छ ।

केन्द्र सञ्चालन गरेको नेपाल रेडक्रस सोसाइटी चितवन शाखाका सभापति हरि पौडेल छिमेकी १४ भन्दा बढी जिल्लाबाट संकलन गरेर रगत ल्याउँदासमेत पुऱ्याउन नसकिएको बताउँछन् । यहाँ रहेका क्यान्सर अस्पताल, दुई मेडिकल कलेज, सरकार भरतपुर अस्पताल र निजी अस्पतालमा आउने घाइते र बिरामीहरूका लागि रगतको माग बढ्दा सन्तुलन मिलाउन नसकिएको उनले बताए । राजधानी काठमाडौँपछि धेरै रगत चितवनमा चाहिने भन्दै उनले सबैको साथ र सहयोगबाट मात्रै रगतको पूर्ति गर्न सकिने बताए ।

देशभर रक्तदानमा उत्प्रेरणा गर्दै आएको ब्लड डोनर्स सोसाइटी नेपालका अध्यक्ष अर्जुन अधिकारी रेडक्रस सोसाइटीले सञ्चालन गरेका केन्द्रहरूले व्यवस्थापकीय रूपमा सुधार गर्नसकेमा रक्त संकलन बढ्ने बताउँछन् । केन्द्रले आम रक्तदाता र संघ संस्थाहरूसँग समन्वयकारी भूमिका निर्वाह गरेर काम गर्नुपर्ने उनको सुझाव छ । बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा देशैभरिबाट बिरामी आउने गर्दछन् । सबैभन्दा बढी रगत क्यान्सर उपचारमा खपत हुने गर्दछ । यस्तै चितवन मेडिकल कलेजले क्यान्सर इन्स्टिच्युट सञ्चालन गरेको छ । जहाँ रगतको माग उच्च हुने गर्दछ ।

भरतपुर अस्पताल विकास समितिका पूर्वअध्यक्ष डा. भोजराज अधिकारी रक्तदाताहरूलाई उत्प्रेरित गर्नुपर्ने बताउँछन् । विद्यालय र क्याम्पसका पाठ्यक्रमहरूमा रक्तदानको महत्त्वको बारेमा जानकारी गराउनुपर्ने भन्दै उनले रक्तदान गर्नेहरूलाई राज्यका तर्फबाट केही सहुलियत हुनुपर्ने बताए । उनले आफूले सञ्चालन गरेको श्री पुष्पाञ्जली अस्पतालमा स्थापनाका अवसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा ५७ जनाले रगत दिएकोमा १८ नयाँ भएको भन्दै उनले नयाँ रक्तदातालाई राज्यकै तर्फबाट उत्प्रेरित गर्नुपर्ने बताए । *रासस*

पृष्ठ १ बाट क्रमशः

## जरूरी पक्राउ...

यो निष्कर्षले अनुसन्धान प्रक्रियामा प्रमाणको भूमिकालाई पुनः स्थापित गरेको छ । म्याद थपको प्रक्रियामा समेत गम्भीर कानुनी त्रुटि भएको अदालतले औंल्याएको छ । राजस्व अनुसन्धान विभागले ललितपुर जिल्ला अदालतबाट म्याद थप गर्दा खड्कालाई न्यायाधीशसमक्ष उपस्थित नगराएको र सोबारे जानकारी समेत नदिएको पाइएको छ । यसले व्यक्तिको मौलिक अधिकारको उल्लङ्घन भएको संकेत गर्छ । कानुनअनुसार हिरासतमा राखिएका व्यक्तिलाई न्यायाधीशसमक्ष उपस्थित गराउनु अनिवार्य प्रक्रिया हो, जसले पक्राउको वैधता परीक्षण गर्छ । तर त्यो प्रक्रिया नै पालना गरेको नदेखिएको अदालतले ठहर गरेको छ ।

यो प्रकरणसँगै सरकारद्वारा सञ्चालन गरिएको व्यापक 'पक्राउ अभियान' पनि पुनः बहसको केन्द्रमा आएको छ । पछिल्ला दिनहरूमा विभिन्न 'हाइप्रोफाइल' व्यक्तिहरू पक्राउ परेर छोटो समयमै अदालतबाट रिहा हुने क्रम बढ्दो छ । वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईका अनुसार पर्याप्त प्रमाणबिना गरिएको पक्राउले अदालतमा मुद्दा कमजोर बनाउँछ, जसका कारण आरोपीहरू सहजै धरौटी वा साधारण तारेखमा रिहा हुने अवस्था सिर्जना हुन्छ ।

पूर्वसुरक्षा अधिकारीहरूले पनि यस्तो अभ्यासप्रति गम्भीर चिन्ता व्यक्त गरेका छन् । उनीहरूका अनुसार आरोप लाग्दैमा पक्राउ गर्ने प्रवृत्ति फौजदारी न्याय प्रणालीको मर्मविपरीत हो । यसले राज्य संयन्त्रलाई नै दमनकारी बनाउने खतरा हुन्छ । 'राज्य आफैंले कानुन मिच्न थाल्यो भने नागरिकको विश्वास कसरी कायम रहन्छ ?' भन्ने प्रश्न अहिले व्यापक रूपमा उठ्न थालेको छ ।

भट्टराईका अनुसार 'जरुरी पक्राउ पुर्जी' जस्तो संवेदनशील प्रावधानको दुरूपयोगले नागरिक अधिकारमा प्रत्यक्ष असर पार्ने भएकाले यसको प्रयोगमा उच्च सतर्कता आवश्यक हुने विज्ञहरू बताउँछन् । तर, खड्कासँगै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, पूर्वगृहमन्त्री रमेश लेखक, शंकर ग्रुपका अध्यक्ष शंकर अग्रवाल, एमाले लुम्बिनी प्रदेशका पूर्वसांसद रेखा शर्मालगायत नेताहरूको पक्राउ प्रकरणले यस्तो सतर्कता अपनाइएको नदेखिएको अदालतले जनाएको छ ।

सर्वोच्च अदालतको पछिल्लो आदेशले सरकारलाई स्पष्ट सन्देश दिएको छ कि कानुनी प्रक्रिया मिचेर गरिने पक्राउ अस्वीकार्य छ । अनुसन्धानको नाममा व्यक्तिको स्वतन्त्रता हनन गर्न पाइँदैन भन्ने सिद्धान्तलाई अदालतले पुनः स्थापित गरेको छ ।

■■■

## संस्थागत रोजगारी...

जसमा १० हजार ५२१ जना पुरुष र एक हजार ३७ जना महिला छन् । यसअघि गत फागुनमा २० हजार १३० जना संस्थागतरूपमा परदेसिएका थिए । हालसम्म नयाँ श्रम स्वीकृति नखुलाउँदा भिसा लागेका सात हजारभन्दा बढी श्रमिक रोजगारी गुमाउने अवस्थामा पुगेका व्यवसायीहरूले बताउँदै आएका छन् ।

त्यस्तै, छ हजार ८८३ जना पुरुष र एक हजार ७८९ जना महिला गरी कूल आठ हजार ६५२ जना व्यक्तिगत श्रम स्वीकृति लिएर गएका छन् । सो अवधिमा ३३५ जना जिटुजीमार्फत इजरायल र दक्षिण कोरिया गएका छन् ।

यो नौ महिनामा इजाजतप्राप्त संस्थाले एक लाख ९६ हजार ७७८ जना कामदार पठाउँदा ८११ वटा उजुरी परेका छन् । पीडितले चार करोड ८० लाख भन्दा बढि रकम क्षतिपूर्तिबापत पाएका छन् । चैत महिनामामात्रै ८१ वटा उजुरी परेका छन् भने ३६ लाखभन्दा धेरै क्षतिपूर्ति दिइएको छ ।

रोजगारीमा जानेहरूमाथि हुने व्यक्तिगत ठगीको घटना पनि नियन्त्रण हुन सकेको छैन । चालु आ.व.को नौ महिनामा तीन हजार ८८३ वटा उजुरी दर्ता भएका छन् । जसमा ४४१ वटा मिलापत्र भएको छ भने ३२८ वटा मुद्दा अदालतमा दायर भएको छ । पीडितलाई सात करोड ८७ लाखभन्दा बढि क्षतिपूर्ति दिइएको जनाइएको छ । गत चैतमामात्रै ५८६ वटा यस्ता उजुरी परेकोमा १०१ वटा मिलापत्र र ५५ वटा अदालतसम्म पुगेको छ ।

विभागले सार्वजनिक गरेअनुसार यस अवधिमा जम्मा ४२६ वटा इजाजतप्राप्त संस्थाको अनुगमन गरिएको छ । त्यस्तै, दुई वटा म्यानपावर संस्था र दुई वटा अभिमुखीकरण तालिम दिने संस्थाको कारोबार रोक्का गरिएको छ । हालसम्म विभागमा दर्ता भएका संस्थाको धरौटीबापतको तीन अर्ब ९६ करोड २५ लाख रकम ब्याजमा लगाएको जनाइएको छ । व्यवसायीहरूले लामो समयदेखि आफूहरूले राखेको धरौटीबापत प्राप्त हुने ब्याजको रकम केमा खर्च हुँदै आएको भनेर पारदर्शी बनाउन माग गर्दै आएका छन् ।

■■■

## राहादानीमा...

नेपाली नागरिकका लागि वैदेशिक यात्रा रहर र अवसरको खोजीमात्र नभई धेरैका लागि बाध्यतासमेत भएको उल्लेख गर्दै विभागले यस्तो अवस्थाको दुरूपयोग गरी हुने ठगी र शोषण नियन्त्रण गर्न अध्यागमन प्रशासनले प्रयास गरिरहेको जनाएको छ ।

अनावश्यक कागजात माग गर्ने र तजबिजीका आधारमा निर्णय गर्ने प्रवृत्ति नियन्त्रण गर्न नेपाल सरकारको २०८२ साल कात्तिक १३ गतेको निर्णयअनुसार भिजिट भिसामा विदेश जाने नेपालीका लागि प्रस्थान प्रक्रिया सहजीकरण गरिएको विभागले जनाएको छ । उक्त व्यवस्था अनुसार कम्तीमा छ महिना वैधता भएको राहदानी, गन्तव्य मुलुकसम्मको हवाई टिकट र सम्बन्धित देशको भिसा भए स्वघोषणासहित विदेश जान पाइने व्यवस्था लागू गरिएको छ । यात्रुहरूको आगमन र प्रस्थानलाई सहज बनाउन विभागले थप आधुनिकीकरण गरी राष्ट्रिय सुरक्षाको सुदृढीकरणको क्षेत्रमा काम गरिरहेको पनि विभागले दाबी गरेको छ ।

---

### कागजात हराएको सूचना

मिति २०८२/११/२० गते काठमाडौंदेखि पोखरा जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : बबी एरी
कलेजको नाम : महेन्द्र नमुना उच्च माध्यमिक विद्यालय खलंगा, दार्चुला
रजिस्ट्रेसन.नं. : HSEB 727501010
एसएलसी सिम्बोल नं. : 70740026
ठेगाना : महाकाली-५, दार्चुला
सम्पर्क नं. : ९८४००८८०३१

### PUBLIC NOTICE

Abhishek kumar (ID no. U7738100) S/o Ashutosh kumar mishra & Anju kumari R/O Rbt road ward no 10 Supaul bihar, India; AND of Sunaina Devi (Citizenship no 90523357) D/o Ramchandra thakur and Chatho Devi R/O District Sarlahi Gaupalika Gaurishakar ward no 5 madhes Provence Nepal have got married at Dhanushadham temple on 20 may 2023 as per Indian traditional. Since then we have been living as Husband Wife. We published this notice for Registration of our marriage at Embassy kathmandu. If anyone have objection to the marriage he/she can Contact 9851107021 and Embassy of India kathmandu on cons.kathmandu@mea.gov.in.

### नेपाल सरकार
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७९/०५/२२ मा दर्ता भएको प्रा.लि.नं. २९८५०३ को **अनुश्रिया गुप्ता कृषि जडिबुटी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०१/०४ गते**

यस कम्पनीको मिति २०८२/१२/२३ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार **महाराजगंज स्किन हस्पिटल प्रा.लि.** (प्रा.लि. नं.३७९७२१) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिन्ले व्यहोर्नुपर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिस्ट्रारको मिति २०८२/१२/२३ को निर्णयानुसार नाम परिवर्तन गरी **महाराजगंज स्किन फार्मेसिया एण्ड कस्मेटिक प्रा.लि.** कायम गरिएको यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

### नेपाल सरकार
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७४।०५।०६ मा दर्ता भएको प्रा.लि.नं. १७३६३६ को **बसन्त रितु कन्स्ट्रक्सन प्रा.लि.** नामक कम्पनीले १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३० (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

### नेपाल सरकार
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२।११।३० मा दर्ता भएको प्रा.लि.नं.१४६४१६ को **निजगढ मनि ट्रान्सफार प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२।०९।२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कर्मचारी नरहेको सम्बन्धमा

यस A.K. OVERSEAS (PVT.) LTD. (ई.प.नं. ४९४/०६१/०६२) मा कार्यरत **रोजीना श्रेष्ठ** (**ना.प्र.प.नं.१२१८**) ले राजीनामा दिइसक्नु भई हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाम सम्बन्धी कुनै कार्य तथा अन्य कुनै पनि आर्थिक कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निज व्यक्तिसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेनादेना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

श्रम ईजाजत नं.४९४/०६१/०६२
A.K. OVERSEAS (PVT.) LTD.
Nishal Marg, Lazimpat, Kathmandu, Nepal, Tel: 014000027, 9851085705, 9841711205, 9851086618, Email: akoverseas494@gmail.com

### ३५ दिने हकदावी गर्न आउने सार्वजानिक सूचना

२०७६/०४/०२ मा दर्ता भएको यस **चन्द्रकान्त रियलस्टेट एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** (प्रा.लि.नं. २१८८७४/०७६/०७७) लाई मिति २०८३/०१/०३ गते बसेको बिशेष साधारणसभाको निर्णयानुसार यस कम्पनीलाइ स्वेच्छिक खारेजी गर्ने निर्णय गरिएको हुनाले यस कम्पनी प्रति कसैको कुनै प्रकारको आर्थिक लगाएतको दावी भएमा आजको मितिले ३५ दिन भित्र यस कम्पनीको खारेजीकर्ताको कार्यालयमा दावी गर्न आउनु भनि यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ । दावी गर्न आउदा सक्कल प्रमाण सहित आउनु हुन अनुरोध गरिन्छ ।

**खारेजीकर्ता (लिक्विडेटर) सन्तोष राना मगर (इजाजत नं. १६५)**
**का.म.न.पा. २९, काठमाडौं सम्पर्क नम्बर (९८१३२४४६५५)**

---

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शुक्रबार, ४ वैशाख, २०८३

| | |
|---|---|
| **मेष** | आज काममा प्रगति हुनेछ। नयाँ अवसर आउन सक्छ। खर्चमा ध्यान दिनु राम्रो हुन्छ। |
| **वृष** | परिवारसँग समय बिताउने मौका मिल्छ । आर्थिक स्थिति सुधार हुँदै जाने संकेत छ । |
| **मिथुन** | सञ्चार र सम्बन्धमा सावधानी अपनाउनुहोस् । सानो गलतफहमीले तनाव हुन सक्छ । |
| **कर्कट** | स्वास्थ्यमा ध्यान दिनुहोस् । काममा ढिलासुस्ती नगर्नु राम्रो हुन्छ । |
| **सिंह** | आत्मविश्वास बढ्ने दिन छ । प्रेम सम्बन्धमा मिठास आउनेछ । |
| **कन्या** | योजनाहरू सफल हुन सक्छन् । अध्ययन वा करियरमा राम्रो प्रगति हुनेछ। |
| **तुला** | निर्णय गर्दा हतार नगर्नुहोस् । साझेदारीमा सोचेर अघि बढ्नुहोस |
| **वृश्चिक** | गोप्य कुरा बाहिर आउन सक्छ । सतर्क रहनु राम्रो हुन्छ । |
| **धनु** | यात्राको योग छ । नयाँ अनुभवले मन खुसी बनाउनेछ । |
| **मकर** | कडा मेहनतको फल पाइनेछ । वरिष्ठबाट प्रशंसा मिल्न सक्छ । |
| **कुम्भ** | सृजनात्मक काममा सफलता मिल्नेछ । साथीभाइसँग रमाइलो समय बित्नेछ । |
| **मीन** | भावनामा नियन्त्रण राख्नुहोस् । आर्थिक लेनदेनमा सावधानी अपनाउनुहोस् । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

४ वैशाख, २०८३ (१७ अप्रिल २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४९.११ | १४९.७१ |
| युरो | १ को | १७५.९८ | १७६.६९ |
| पाउन्ड स्टिर्लङ | १ को | २०२.३७ | २०३.१९ |
| स्विस फ्रैन्क | १ को | १९१.१७ | १९१.९४ |
| अस्ट्रेलियन डलर | १ को | १०६.२७ | १०६.७० |
| क्यानाडियन डलर | १ को | १०८.४३ | १०८.८७ |
| सिङगापुर डलर | १ को | ११७.३२ | ११७.७९ |
| जापानी येन | १० को | ९.३९ | ९.४३ |
| चिनियाँ युआन | १ को | २१.८८ | २१.९६ |
| साउदी अरब रियाल | १ को | ३९.७३ | ३९.८९ |
| कतारी रियाल | १ को | ४०.९० | ४१.०६ |
| थाई भाट | ख १ को | ४.६६ | ४.६७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.६० | ४०.७६ |
| मलेसियन रिङेट | १ को | ३७.७४ | ३७.८९ |
| दक्षिण कोरियन वन | १०० को | १०.१४ | १०.१८ |
| स्विडिस क्रोनर | १ को | १६.२८ | १६.३५ |
| डेनिस क्रोनर | १ को | २३.५५ | २३.६४ |
| हङकङ डलर | १ को | १९.०४ | १९.११ |
| कुवेती दिनार | १ को | ४८६.७३ | ४८८.६९ |
| बहराइन दिनार | १ को | ३९५.२६ | ३९६.८५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।




**टोखाको बिस्का जात्रा** | काठमाडौंको टोखामा बिहीबार बिस्का जात्रा मनाउँदै स्थानीय बासिन्दा। *तस्बिरः रासस*

# सार्वजनिक लेखा समिति कांग्रेसलाई छाडेसँगै १० सभापति निर्विरोध

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधि सभाअन्तर्गत १० वटा विषयगत समितिका सभापतिहरू निर्विरोध निर्वाचित भएका छन्। संघीय संसद्का १२ विषयगत समितिको सभापतिका लागि बिहीबार भएको मनोनयमा दुई समितिमा बाहेक अरुमा एकल उम्मेदवारी परेसँगै उनीहरू निर्विरोध निर्वाचित भएका हुन्।

संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार अर्थ समितिको सभापतिमा डा कृष्णहरि बुढाथोकी, अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा सुम्निमा उदास, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिमा रहवर अन्सारी निर्वाचित भएका छन्।

कानुन, न्याय तथा मानवअधिकार समितिको सभापतिमा समीक्षा बास्कोटा, राज्य व्यवस्था तथा सुशासन समितिको सभापतिमा हरि ढकाल र महिला तथा सामाजिक मामिला समितिमा आकृति अवस्थी निर्वाचित भए। यसैगरी पूर्वाधार विकास समितिमा आशिष गजुरेल, कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको सभापतिमा अशोक चौधरी निर्वाचित भएका छन्। संसदीय सुनुवाइ विशेष समितिमा बोधनारायण श्रेष्ठ निर्वाचित भएका छन्। संयुक्त समिति हो।

सार्वजनिक लेखा समितिको सभापतिमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका तर्फबाट भरतबहादुर खड्का निर्विरोध निर्वाचित भएका छन्। उनलाई रास्वपाले सहयोग गर्ने निर्णय गरेसँगै नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टीले पनि सघाउने निर्णय गरेको थियो।

## दुई समितिमा निर्वाचन

शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिको सभापतिमा भने रास्वपाका डा ओजस्वी शेरचन र नेपाल कम्युनिष्ट पार्टी (एमाले)को गुरूप्रसाद बरालको मनोनयन दर्ता गरेका छन्। राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति सभापतिमा रास्वपाका गणेश कार्की र नेपाली कम्युनिष्ट पार्टीका सांसद मदनकुमारी शाह (गरिमा) को उम्मेदवारी दर्ता भएको छ।

संघीय संसद् सचिवालयले सभापति उम्मेदवारको मनोनयनसम्बन्धी सूची प्रकाशित गरेको छ। आज १:०० बजे बस्ने सम्बन्धित समितिको बैठकमा सभापतिको मनोनयसम्बन्धी प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्ने कार्यक्रम रहेको सचिवालयका प्रवक्ता गिरीले जानकारी दिए।

## संसदीय समितिमा सदस्य हेरफेर

संसदीय समितिको निर्वाचनका कारण सभामुख डोलप्रसाद अर्यालले १० सांसदका संसदीय समिति हेरफेर गरेका छन्। बिहीबार सभामुख अर्यालले अधिवेशन प्रारम्भ भएपछि सहमतिको लागि प्रस्ताव गर्ने गरी हेरफेर गरेको प्रतिनिधि सभाका सचिव हर्कराज राईले जनाए। सचिव राईले निकालेको विज्ञप्तिमा संसदीय सुनुवाइ समितिमा रञ्जु न्यौपानेको स्थानमा पुनमकुमारी अग्रवाल र चन्दनकुमार सिंहको स्थानमा दीपकराज बोहोरालाई ल्याइएको छ।

राम लामालाई राज्य व्यवस्था तथा सुशासन समितिबाट अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा पुऱ्याइएको छ। गणेश कार्कीलाई राज्य व्यवस्था तथा सुशासन समितिबाट अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा, जगदीश खरेल (ललितपुर) शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा ल्याइएको छ।

यसैगरी दीपकराज बोहरालाई अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिबाट राज्य व्यवस्था तथा सुशासन समितिमा, बब्लु गुप्ता अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिबाट राज्य व्यवस्था तथा सुशासन समितिमा ल्याइएको छ।

रहबर अन्सारी शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा, हरिप्रसाद भुसाल अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिबाट शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा र चन्दनकुमार सिंह उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिबाट शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा सरुवा गरिएको सचिव राईले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

## रास्वपामा तोकिए उपनेता, प्रमुख सचेतक र सचेतक

काठमाडौं- रास्वपा संसदीय दल उपनेतामा गणेश पराजुली चयन भएका छन्। बिहीबार बसेको रास्वपा संसदीय दल बैठकले काठमाडौं-७ बाट निर्वाचित पराजुलीलाई दल उपनेता चयन गरेका महामन्त्री कविन्द्र बुर्लाकोटीले जानकारी दिए। बैठकले महामन्त्री बुर्लाकोटीलाई मुख्य सचेतक नियुक्त गरेको छ भने प्रकाशचन्द्र परियार र क्रान्तिशिखा धितालालाई सचेतक नियुक्त गरेको छ।

# प्रधानमन्त्री बालेन र मुख्यमन्त्रीहरूबीच भेटवार्ता

**काठमाडौं–** संघीयता कार्यान्वयनका जटिलता सुल्झाउने उद्देश्यले प्रधानमन्त्री वालेन्द्र शाह बालेनले प्रदेशका मुख्यमन्त्रीहरूसँग छलफल गरेका छन्। बिहीबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेटबाट मुख्यमन्त्रीहरू उत्साहित भएको बताइएको छ।



वाग्मती प्रदेश सरकारका मुख्यमन्त्री इन्द्र बानियाँ भेटपछि प्रधानमन्त्रीको व्यक्तित्वले छलफललाई सहज बनाएको बताए। 'मैले उहाँकाबारेमा जे सुनेको थिएँ, त्यो होइन रहेछ। प्रधानमन्त्री कम बोल्नुहुन्छ, अरुको कुरा पनि सुन्नुहुन्न भन्ने सुनिन्थ्यो, तर उहाँले त पर्याप्त समय दिएर हाम्रा कुरा सुन्नुभयो, र आफ्नो कुरा राख्नुभयो', मुख्यमन्त्री बानियाँले भने।

करिब तीन घण्टा भएको छलफलका क्रममा मुख्यमन्त्रीहरूले प्रदेशगत रूपमा आफ्ना समस्या राखेका थिए। गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले छलफल सौहार्दपूर्ण भएको बताए। 'प्रधानमन्त्री शाहसँगको पहिलो भेट नै धेरै पुराना साथीहरूबीचको संवाद जस्तै सौहार्द र मित्रतापूर्ण रह्यो। उहाँले हाम्रा कुरा गम्भीरतापूर्वक सुन्नुभयो र बीचबीचमा जिज्ञासा राखेर विषयलाई अझ प्रष्ट पार्नुभयो,' मुख्यमन्त्री पाण्डेले भने।

प्रधानमन्त्रीसँग स्थानीय तहको नेतृत्व गरिसकेको अनुभवले गर्दा प्रदेशका समस्या बुझ्न सजिलो भएको देखिएकाले आगामी दिनमा संघीयता कार्यान्वयनले सहजता प्राप्त गर्नेमा आशावादी रहेको उल्लेख गरे। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रधानमन्त्रीले संविधानको मर्मअनुसार तीन तहका सरकारबीचको समन्वय, सहकार्य र सहअस्तित्वको भावनालाई गहिरोसँग आत्मसात् गरेको महसुस गरेको प्रतिक्रिया बताए। मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव र कर्णालीका यामलाल कँडेलले अन्य मुख्यमन्त्रीहरूको प्रतिक्रियामा सहमति जनाएका थिए।

छलफलमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्की भने पारिवारिक कारण र सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाह भने स्वास्थ्य समस्याका कारण सहभागी भएनन्। प्रधानमन्त्री शाहले मुख्यमन्त्रीहरूका समस्याबारे कतिपय प्राविधिक र व्यावहारिक समस्यालाई तत्काल समाधान गर्ने उपायसमेत सुझाएका थिए। नीतिगत जटिलताहरू फुकाउन संघ र प्रदेशको साझा संयन्त्रमार्फत तुरुन्त काम सुरु गर्ने प्रतिबद्धता जनाउँदै बालेनले भने, 'सँघ र प्रदेशबीचका हरेक अप्ठ्यारा सुल्झाउन मेरो नेतृत्वको सरकार सदैव तयार छ। त्यसैले तपाईंहरूलाई छलफलका लागि मैले राजधानी बोलाएको हुँ।' प्रधानमन्त्री बालेनले प्रदेश सरकार आफैंले तत्काल गर्नसक्ने सुधारहरू ढिला नगरी अघि बढाउन समेत आग्रह गरेका थिए।

# शुल्क फिर्ता निर्देशनपछि निजी विद्यालयमाथि अभिभावकको दबाब

■ प्रकाश सिलवाल




**काठमाडौं–** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निजी लगानीका विद्यालयहरूले कानुनविपरीत उठाउँदै आएको भर्ना र अन्य शुल्क फिर्ता गराउन निर्देशन दिएपछि अभिभावकहरूले नियमितरूपमा गुनासो टिपाउन थालेका छन्। मन्त्रालयको निर्देशन कार्यान्वयनका लागि लिखितरूपमा सबै स्थानीय तहलाई अनुरोध गर्नाका साथै भक्तपुरस्थित शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा सहायता कक्ष स्थापना गरिएको छ।

केन्द्रका निर्देशक निर्मलप्रसादसिंह राठौरले विद्यार्थी भर्ना शुल्कलगायत विषयमा विभिन्न माध्यमबाट सरकारी निकायलाई प्राप्त गुनासा समयमा सम्बोधन गरी सेवा प्रवाहको प्रभावकारिता वृद्धिमा सहायता कक्ष क्रियाशील रहेको बताए।

'मेरो मोबाइल नम्बर र इमेल पनि सार्वजनिक गरिएकाले मलाई हरेक क्षण अभिभावकको फोन आइरहन्छ। उठाएरै भ्याइन्न,' निर्देशक राठौरले भने, 'फोनबाट समाधान हुने विषय फोनबाटै नै सम्बोधन गर्दै आएको छु। इमेलबाट प्राप्त गुनासा एकीकृत गरेर महानिर्देशकसमक्ष पेस गरेको छु। कतिपय अभिभावकमा भर्ना र वार्षिक शुल्कका विषयमा अस्पष्टता भएकाले पनि गुनासो बढेको पाइएको छ।'

शिक्षा नियमामवली, २०५९ (संशोधनसहित) को नियम १४६ मा विद्यालयले लिन पाउने शुल्क तथा धरौटीको व्यवस्था छ। उक्त दफामा विद्यालयले मासिक पढाइ शुल्क, कूल दुई महिनाको पढाइ शुल्कबराबरको रकममा नबढ्ने गरी खेलकुद, अतिरिक्तक्रियाकलाप,प्रयोगशाला, मर्मतसम्भार, पुस्तकालय र प्राथमिक उपचार, वार्षिक शुल्क, विद्यालयमा पहिलोपटक भर्ना हुँदा एक पटकका लागि भर्ना हुने कक्षाको मासिक पढाइ शुल्कमा नबढ्नेगरी भर्ना शुल्क लिन पाउने प्रबन्ध गरिएको छ।

यसैगरी, विविध शीर्षकमा परीक्षा शुल्क, कम्प्युटर शुल्क, स्थानान्तरण प्रमाणपत्र शुल्क, विशेष प्रशिक्षण (जुडो, मार्सल आर्टस्, पौडी, गायन, नृत्य) शुल्क, आवास शुल्क, परिवहन शुल्क, भोजन शुल्क लिन सकिने नियमावलीले व्यवस्था गरेको छ।

नियमावलीको नियम १४७ मा विद्यालयले विद्यार्थीसँग लिने अधिकतम् शुल्क विद्यालयको वर्गीकरणका आधारमा तोकी सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइले शैक्षिक सत्र सुरु हुनुभन्दा तीन महिना अगावै सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ।

विद्यालय व्यवस्थापन समितिले शिक्षक-अभिभावक संघको कार्यकारी समितिसँग परामर्श गरी तोकिएको अधिकतम शुल्क सीमाभित्र रही शैक्षिकसत्र सुरु हुनु दुई महिना अघि समन्वय एकाइमा पेस गर्नुपर्ने भनिएको छ। एकाइले प्रस्तावको जाँचबुझ गरी शुल्कको दर तोकी सूचना प्रकाशन गर्ने छ। शुल्क व्यवस्थापन तथा अनुगमनका लागि केन्द्रका महानिर्देशकको संयोजकत्वमा केन्द्रीय समिति गठनको व्यवस्था गरिएको छ।

मन्त्रालयले कानुनविपरीत लिइएको भर्ना शुल्क र संस्थागत विद्यालय शुल्क निर्धारण माापदण्ड निर्देशिका, २०७२ द्वारा निर्धारितबाहेक अन्य शुल्कलाई फिर्ता गराउन कानुनी प्रक्रिया अघि बढाउन गत चैत २२ गते सम्बन्धित सबै स्थानीय तहलाई अनुरोध गरेको थियो। आफूखुसी शुल्क लिएर फिर्ता नगर्ने विद्यालयलाई शिक्षा ऐन, २०२८ बमोजिम कारबाही हुन सक्नेतर्फ मन्त्रालयले सचेत गराएको थियो। शुल्क फिर्ता निर्देशनपछि निजी विद्यालयमाथि अभिभावकको दबाब बढेको छ। सरकारले यही वैशाख १५ गतेदेखि नयाँ शैक्षिकसत्र प्रारम्भ गर्न निर्देशन दिएको छ। *रासस*


**मलेसियामा रोजगार**

कम्पनी : Syarikat Chye Huat Sdn Bhd — Address: Kawasan Perindustrian Kelemak Fasa III 7800

पूर्व स्वीकृति मिति : २०८२/१२/३० | LT. No. 340599 | चलानी नं. ६०२५४०४२

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 14 | 6 | 1700 | ६४,१५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : Furutec Electrical Sdn Bhd — Address: Lorong Perindustrian Bukit Minyak 11, Kawa

पूर्व स्वीकृति मिति : २०८२/१२/३० | LT. No. 340598 | चलानी नं. ६०२५४०४१

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 6 | 0 | 1700 | ६४,१५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख ११ गते (24th April 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)
Sallaghari Marg, Bansbari, Kathmandu, Tel:-+977 4372262, 4375012/ 9818104188, Email:- bijay.skypowernepal@gmail.com
श्रम ईजाजत नं. १२७५/०७४/७५

**मलेसियामा रोजगार**

कम्पनी : GCH RETAIL SDN BHD — शेवा शुल्कः निःशुल्क

पूर्व स्वीकृति मिति : २०८२/04/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/01/03 | LT. No. 328096 | चलानी नं.६०२४१९५३

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 29 | 0 | 1700 | ६४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख ११ गते (24th April 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, +977 986-9422479
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com
श्रम ईजाजत नं ९५७/०६७/०६८

**साइप्रसमा रोजगार**

कम्पनी : S. MERK. ENTERPRISES LTD.

पूर्व स्वीकृति मिति : २०८१/06/02 | पुन विज्ञापन स्वीकृति मिति : २०८३/01/03 | LT. No. 311013 | चलानी नं. ६०२२२५५८

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: EUR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 0 | 4 | 1000 | १,२३,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख ११ गते (24th April 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५५,०००/- | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Kathmandu International Incorporate Pvt. Ltd.
Tokha Municipality-10, Samakhushi, Kathmandu, Phone No: 01-4960635, 4952265
4960635 Mobile No. : 9816501787, 9851009805 Email : kiimanpowernepal@gmail.com
श्रम ईजाजत नं. ४४१/०६०/६१

**मलेसियामा रोजगार**

कम्पनी : OOI TEE TYEA ENTERPRISE — सच्याइएको

पूर्व स्वीकृति मिति : २०८२/१२/३० | LT. No. 340595 | चलानी नं. ६०२५४००६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 15 | 0 | 1700 | ६४,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १० गते (23rd April 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

MIDDLE ORBIT OVERSEAS PVT. LTD.
Samakhushi - 29, Ranibari Marg, Kathmandu, Nepal, Telphone No: +977-1-4387902
E-mail: middleorbit@gmail.com, Website: middleorbitoverseas.com
श्रम ईजाजत नं. ९७३/०६७/०६८

प्रभाव दैनिक National Daily

## सम्पादकीय

# कूटनीतिक कमजोरी ‘करेक्सन’ गरौं

पछिल्लो वर्ष नेपाल सरकार परराष्ट्र नीतिमा कमजोर देखिँदै आएको छ। जसका कारण देशले स्थिरता कायम राख्न सकिरहेको छैन। हालै सरकारले सार्वजनिक गरेको राष्ट्रिय प्रतिबद्धतापत्रमा पनि यो प्रष्टिएको छ। पूर्ववर्ती सरकारहरूले दुई तिहाई नजिकैको मत हुँदा पनि छिमेकी राष्ट्र भारत र चीनसँग परस्पर सुमधुर सम्बन्ध राख्न सकेन। जसका कारण अनेकौं प्रयास गर्दा पनि कांग्रेस र एमाले मिलेर बनेको सरकारका प्रधानमन्त्री केपी शर्मा ओली भारत भ्रमणमा जान पाएनन्।

वालेन्द्र शाह नेतृत्वको सरकारले तयार पारेको प्रतिबद्धताको मस्यौदामा नेपाललाई ‘बफर स्टेट’बाट ‘भाइब्रेन्ट ब्रिज’मा रूपान्तरण गर्न सकिने विषय प्रस्तुत गरिएको छ। सामान्यतय बफर स्टेट भनेको कुनै पनि दुई देशबीचमा युद्ध जारी हुनु र त्यस किसिमको घटनालाई रोक्ने स्थानलाई बुझिन्छ। नेपालमा राष्ट्रिय निकुञ्ज क्षेत्रमा ‘बफर जोन’ शब्द प्रयोगमा आइरहेको छ। यो भनेको मानव र वन्यजन्तुको द्वन्द्व घटाउन तोकिएको निश्चित क्षेत्र हो। त्यसो भए के नेपाल चीन र भारतको युद्ध घटाउन बनाइएको राष्ट्र हो त ? पक्कै पनि होइन।

नेपाल र भारतबीच पहिलेबाटै दशगजा क्षेत्र तोकिएको छ। दशगजालाई बफर जोनका रूपमा हेर्न सकिन्छ। तर सरकारले यसपटक नेपाललाई बफर जोनका रूपमा प्रस्तुत गरेको छ। अर्को विषय हो भाइब्रेन्ट ब्रिज, कुनै बेला पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले प्रयोग शुरु गरेको गतिशिल पुलको अंग्रेजीकरण हो यो शब्द। नेपाललाई भाइब्रेन्ट ब्रिज बनाउने भनेर पूर्ववर्ती सरकारहरूले प्रयास नगरेका होइनन्। पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा, ओली, पुष्पकमल दाहालहरूले चीनबाट मधेशसम्मै रेल चलाएर त्रिदेशीय कनेक्टिभिटी जोड्ने परिकल्पना गरेकै हो।

तर त्यो कुटनीति सफल हुन सकेन। सरकार बनाउने र ढाल्ने क्रममा कहिले चीनसँग नजिकिने, कहिले भारतसँग नजिकिने नेपालले समान सम्बन्ध राख्न सकेन। जसकारण नेपालले दुबै देशबाट अघोषित नाकाबन्दी पनि भोग्दै आएको छ। अहिलेको सरकारले पनि पूर्ववर्ती सरकारले जस्तै लोकप्रियतावादी नारामा टेकेर ‘नेपाल प्रथम, नेपाली प्रथम’ नारालाई अघि सारेर कुटनीटिक चालमा आफू अब्बल देखाउने प्रयास गरेको देखिन्छ। जुन अघिल्लो सरकारहरूले गर्न खोज्दा नै विफल भएका हुन्। ‘अरुले तपाई भनोस् या नभनोस्, आफै मपाई’ भन्ने नेपाली उखानलाई चरितार्थ पार्ने प्रयासमा अहिलेको सरकार देखिन्छ। त्यसैले लोकप्रियतावादको लोभमा अरुको देखासिकी गर्नुभन्दा बेलैमा बुद्धि पुर्‍याएर कुटनीतिक विषयमा आफू अब्बल बन्नेगरी प्रतिबद्धता तयार पारौं।

### श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ। यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ। बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन्। जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ। श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन्।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन्। यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ। योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ। त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ। त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ। कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ। एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ। वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन। अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ। कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ। कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ। तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ।

# सलहेश फूलबारी मेलाको अन्तर्राष्ट्रियकरणको खाँचो



❑ राजेश विद्रोही

“ राजा सलहेश र फूलबारी मेला केवल धार्मिक वा सांस्कृतिक कार्यक्रममात्र होइन। यो मधेसी दलित समुदायको आत्मा, इतिहास, प्रेम, संघर्ष र पहिचानको संगम हो। तर यसलाई एउटै जातिसँग मात्र जोड्नु हुँदैन, तर ऐतिहासिकता भने जोड्नुपर्छ। र, सबैको साझा र राष्ट्रकै सम्पत्तिको रूपमा विकास गर्नुपर्छ। यसले नयाँ वर्षलाई समयको परिवर्तनको रूपमामात्र होइन, सामाजिक चेतनाको पुनर्जागरणका रूपमा स्थापित गर्छ। त्यसैले यसको संरक्षण र प्रवर्द्धन गर्नु केवल स्थानीय समुदायको जिम्मेवारीमात्र होइन, सम्पूर्ण राष्ट्रको कर्तव्य हो।

नयाँ वर्षको दिन सिरहाको लहानमा अवस्थित लोकनायक सलहेश फूलबारी मेला लाग्ने गर्दछ। यो मेलाको आफ्नै प्राचीन र ऐतिहासिक महत्त्व रहेको छ। मिथिलाको धार्मिक-ऐतिहासिक भूमिमा रहेको यो स्थल दलित समुदायअन्तर्गत पर्ने दुसाद (पासवान) जातिको पुर्ख्यौली इतिहाससँग जोडिएको छ। नेपालका महत्त्वपूर्ण धार्मिक तथा सांस्कृतिक स्थलहरूमध्ये यो पनि एक विशिष्ट पहिचान बोकेको स्थल हो तर दलित समुदायको इतिहाससँग सम्बन्धित भएकै कारण यो स्थल लामो समयसम्म ओझेलमा परेकोमात्र छैन, पछिल्लो समय विभिन्न कारणले विवादमासमेत तानिएको छ।

यस सन्दर्भमा राज्यले गम्भीर अध्ययन र अनुसन्धान गरी यस स्थललाई यसको मौलिक इतिहाससँग जोडिएको समुदायकै अग्राधिकार सुनिश्चित हुनेगरी संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक देखिन्छ। साथै, नयाँ वर्षको अवसरमा यस मेलाको व्यापक प्रचारप्रसार गरी विदेशी पर्यटक आकर्षित गर्ने उद्देश्यले अन्तर्राष्ट्रियकरण गर्नु आजको आवश्यकता हो। यसबाट राज्यको आर्थिक, सामाजिक र ऐतिहासिक विकासमा महत्त्वपूर्ण योगदान पुग्ने निश्चित छ।

नेपालको तराई-मधेस भौगोलिक रूपमामात्र नभई यो इतिहास, लोकविश्वास र सांस्कृतिक स्मृतिहरूको जीवित संग्रहालय पनि हो। यहाँका प्रत्येक पर्व, मेला र परम्पराले कुनै न कुनै सामाजिक, ऐतिहासिक वा सांस्कृतिक अर्थ बोकेका छन्। यिनै परम्पराहरूको बीचमा गहिरो जनविश्वास, पहिचान र प्रतिरोधको चेतनासँग गाँसिएको एक महत्त्वपूर्ण सांस्कृतिक अभ्यास हो- राजा सलहेशको कथा र फूलबारी मेला। जुन प्रत्येक नयाँ वर्षको दिन विशेष उत्साहका साथ मनाइन्छ।

वैशाख १ नेपाली नयाँ वर्षको सुरुआतमात्र होइन, यो समयको पुनरारम्भ, आशा र नवजीवनको प्रतीक पनि हो। पहाडी क्षेत्रझैं मधेसमा पनि नयाँ वर्षले सामाजिक, धार्मिक र सांस्कृतिक गतिविधिलाई नयाँ ऊर्जा दिन्छ। तर मधेसको विशेषता के हो भने यहाँ नयाँ वर्ष केबल पात्रो परिवर्तनमा सीमित छैन- यो लोकनायकहरूको स्मरण, सामूहिक आस्था र सामाजिक सांस्कृतिक पुनर्जागरणसँग गहिरो रूपमा जोडिएको छ। राजा सलहेशको फूलबारी मेला यसै सन्दर्भमा नयाँ वर्षलाई सामाजिक अर्थ दिने महत्त्वपूर्ण माध्यम बनेको छ। यहाँ नयाँ वर्षको स्वागत केबल शुभकामना साटासाटबाट मात्र होइन, सांस्कृतिक भेला, सामूहिक अनुष्ठान र ऐतिहासिक स्मरणमार्फत गरिन्छ।

राजा सलहेश मधेसी समाजका विशेषगरी दुसाध (पासवान) समुदायका लागि केवल ऐतिहासिक पात्रमात्र होइनन्, उनी सामाजिक न्याय, समानता र प्रतिरोधका प्रतीक पनि हुन्। मौखिक परम्पराअनुसार उनी १३औं वा १४औं शताब्दीका वीर, न्यायप्रिय र जनमुखी समाजिक शासक थिए। उनको कथा लिखित इतिहासमा सीमितरूपमा पाइए पनि लोकगीत, नाच, नाटक र सामुदायिक स्मृतिमा गहिरोसँग स्थापित छ। इतिहासशास्त्रीय दृष्टिले हेर्दा सलहेशजस्ता पात्रहरू ‘लोकइतिहास’का प्रतिनिधि हुन्- जहाँ औपचारिक दस्तावेजभन्दा जनस्मृति र सांस्कृतिक अभ्यासले इतिहास निर्माण गर्छ। दलित समुदायले भोग्दै आएको ऐतिहासिक विभेद, बहिष्कार र शोषणको सन्दर्भमा सलहेशको कथा आत्मसम्मानको स्रोत बनेको छ। यसले एउटा सन्देश दिन्छ- ‘हामी पनि इतिहासका निर्माता हौं।’

राजा सलहेशसँग सम्बन्धित प्रमुख स्थलका रूपमा महिसौथा गढलाई लिइन्छ। यसलाई उनको दरबार रहेको स्थान मानिन्छ। यस्ता स्थलहरू केवल धार्मिक केन्द्रमात्र होइनन्, यी सांस्कृतिक भूगोलका महत्त्वपूर्ण अंग हुन्। फूलबारी मेला वरिपरि मानिक दह, पोखरीया गढ, पतारी ऐतिहासिक मेलाहरू पनि लाग्ने गर्छन्। यसले कुनै समुदायको ऐतिहासिक उपस्थिति, सांस्कृतिक निरन्तरता र पहिचानलाई भौगोलिकरूपमा स्थापित गर्छन् तर विडम्बना के छ भने यस्ता स्थलहरूको संरक्षणमा राज्यको ध्यान अझै पुग्न सकेको छैन। यदि महिसौथा गढलगायतका क्षेत्रहरूको वैज्ञानिक अध्ययन, संरक्षण र व्यवस्थित प्रवर्द्धन गरियो भने यसले राष्ट्रिय सम्पदाका रूपमा मान्यता पाउन सक्छ भने अन्तर्राष्ट्रिय बजारीकरण पनि गर्न सकिन्छ।

सिरहाको लहान क्षेत्रमा पर्ने सलहेश फूलबारीमा लाग्ने मेला यस सम्पूर्ण परम्पराको केन्द्र हो। यसको मूल कथा राजा सलहेश र मालिनीबीचको प्रेमसँग जोडिएको छ। जनविश्वासअनुसार हरेक वर्ष वैशाख महिनामा फूलबारीको एक विशेष रुखमा सुनाखरी फूल आफैं फुल्ने गर्दछ, जसलाई सलहेश र मालिनीको प्रतीकात्मक मिलनको रूपमा व्याख्या गरिन्छ। वैज्ञानिक दृष्टिले यो मौसमी जैविक प्रक्रिया हुन सक्छ। तर स्थानीय समुदायका लागि यो दिव्य चमत्कार हो। यही बिन्दुमा विज्ञान र आस्थाबीचको सहअस्तित्व देखिन्छ। समाजशास्त्रीय रूपमा हेर्दा यस्ता विश्वासहरूले समुदायलाई एकताबद्ध बनाउने, सांस्कृतिक निरन्तरता कायम राख्ने र सामूहिक पहिचान निर्माण गर्ने काम गर्छन्।

फूलबारी मेला नेपालकोमात्र होइन, भारतको बिहार राज्यसँग पनि गहिरो रूपमा जोडिएको छ। हरेक वर्ष हजारौं श्रद्धालु बिहारबाट यहाँ आउने गर्छन्। यसले मधेसको सांस्कृतिक सम्बन्धलाई सीमापार विस्तार गरेको छ। यसलाई ‘ट्रान्सनेसनल कल्चर’ का रूपमा व्याख्या गर्न सकिन्छ- जहाँ संस्कृति राजनीतिक सीमाभन्दा माथि उठेर समुदायलाई जोड्छ। यो पक्षले नेपाल-भारतबीच सांस्कृतिक कूटनीतिलाई मजबुत बनाउन ठूलो भूमिका खेल्न सक्छ। यदि राज्यले यसलाई सही रूपमा उपयोग गर्न सकेमा यो क्षेत्र सांस्कृतिक सहकार्यको उत्कृष्ट उदाहरण बन्न सक्छ। अघिल्लो वर्ष यो धर्तीलाई थप परिस्कृत तथा अन्तरष्ट्रियकरण गर्न डा. भीम राव अम्बेडकरको शालिकसहित पार्क बनाउने सुनिश्चित भएको थियो। तर विवादको कारण सफल हुन सकेन।

फूलबारी मेला केवल सांस्कृतिक कार्यक्रममात्र होइन, यो स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण आधार पनि हो। प्रत्येक वर्ष हजारौं मानिसहरूको सहभागिताले बजारमा ठूलो आर्थिक गतिविधि सिर्जना गर्छ। होटल, यातायात, खुद्रा व्यापार, हस्तकला र खाद्य व्यवसायले राम्रो आम्दानी गर्छन्। यसले स्थानीय रोजगारी सिर्जना गर्नुका साथै गरिबी न्यूनीकरणमा योगदान पुर्‍याउँछ। यदि यसलाई व्यवस्थित पर्यटनसँग जोड्न सकियो भने यो क्षेत्र आर्थिकरूपमा अझ सशक्त बन्न सक्छ तर हालसम्म योजनाबद्ध विकासको अभाव, अस्थायी संरचना र कमजोर व्यवस्थापनले यसको पूर्ण सम्भावना उपयोग हुन सकेको छैन।

फूलबारी मेलाको सबैभन्दा महत्त्वपूर्ण पक्ष यसको सामाजिक र राजनीतिक सन्देश हो। दलित समुदायका लागि सलहेश केवल देवता होइनन्, उनी आत्मसम्मान र प्रतिरोधका प्रतीक हुन्। नेपालको ऐतिहासिकरूपमा विभेदपूर्ण सामाजिक संरचनामा सलहेशको कथा वैकल्पिक शक्ति स्रोत बनेको छ। यसले पहिचान, समानता र अधिकारका लागि संघर्ष गर्ने प्रेरणा दिन्छ। यसलाई ‘सांस्कृतिक राजनीति’का रूपमा पनि बुझ्न सकिन्छ- जहाँ सांस्कृतिक अभ्यासहरू सामाजिक परिवर्तनका माध्यम बन्छन्।

यति महत्त्वपूर्ण सांस्कृतिक सम्पदा हुँदाहुँदै पनि फूलबारी मेला अझै राष्ट्रिय सीमाभित्रै सीमित छ। यसको अन्तर्राष्ट्रियकरण आवश्यक हुनुका प्रमुख कारणहरू स्पष्ट छन्। पहिलो, विश्वव्यापी पहिचानका लागि मधेसी दलित समुदायको समृद्ध इतिहास र सांस्कृतिक विरासतलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन आवश्यक छ। दोस्रो, पर्यटन प्रवर्द्धनका लागि धार्मिक तथा सांस्कृतिक पर्यटनमार्फत विदेशी पर्यटक आकर्षित गरी देशको पर्यटन क्षेत्रलाई बलियो बनाउन सकिन्छ। तेस्रो, आर्थिक सशक्तीकरणका लागि मेलासँग जोडिएका स्थानीय व्यवसाय, हस्तकला र सेवा क्षेत्रलाई दिगो रूपमा सुदृढ गर्न अन्तर्राष्ट्रिय ध्यान आवश्यक हुन्छ। चौथो, सांस्कृतिक कूटनीतिका लागि नेपाल, भारतलगायत अन्य देशहरूसँग सांस्कृतिक सम्बन्ध विस्तार गर्दै आपसी समझदारी र सहकार्यलाई अझ मजबुत बनाउन यसको अन्तर्राष्ट्रियकरण अपरिहार्य देखिन्छ।

## अन्तर्राष्ट्रियकरणका सम्भावित उपायहरू

सलहेश फूलबारी मेलाको संरक्षण, प्रवर्द्धन र अन्तर्राष्ट्रियकरणका लागि दीर्घकालीन र बहुआयामिक रणनीति आवश्यक छ। सबैभन्दा पहिले, सलहेश परम्परालाई ‘युनेस्को अमूर्त सांस्कृतिक सम्पदा’ सूचीमा सूचीकृत गराउने पहलले यसको अन्तर्राष्ट्रिय मान्यता र संरक्षणमा महत्त्वपूर्ण योगदान पुर्‍याउँछ। त्यसैगरी फूलबारी मेला, महिसौथा गढ, मनिक दह, पोखडीया गढ, पतारी तथा सप्तरीका दिनाभद्री मन्दिरलाई जोडेर ‘दलित सांस्कृतिक सलहेश सर्किट’ निर्माण गर्न सकिन्छ। जसले धार्मिक-सांस्कृतिक पर्यटनलाई बढावा दिन्छ र स्थानीय अर्थतन्त्र सुदृढ बनाउँछ।

डिजिटल अभिलेखीकरणमार्फत सलहेशसँग सम्बन्धित लोककथा, गीत, नाटक र अनुष्ठानहरू सुरक्षित गर्नुपर्छ, जसले मौखिक परम्परालाई दीर्घकालीनरूपमा जोगाउँछ। साथै अन्तर्राष्ट्रिय महोत्सव आयोजना, पूर्वाधार विकास (सडक, होटल, सरसफाइ, सूचना केन्द्र) र शैक्षिक पाठ्यक्रममा समावेशीकरण पनि आवश्यक छन्। तर, पूर्वाधारको अभाव, व्यवस्थापन कमजोरी र संरक्षण चुनौतीहरूलाई समाधान गर्न राज्य, स्थानीय तह, निजी क्षेत्र र समुदायबीच सहकार्य अपरिहार्य छ। समावेशी दृष्टिकोण अपनाएरमात्र दलित समुदायसँग जोडिएको सलहेश परम्पराको दीगो संरक्षण सम्भव हुन्छ।

अन्त्यमा राजा सलहेश र फूलबारी मेला केवल धार्मिक वा सांस्कृतिक कार्यक्रममात्र होइन। यो मधेसी दलित समुदायको आत्मा, इतिहास, प्रेम, संघर्ष र पहिचानको संगम हो। तर यसलाई एउटै जातिसँग मात्र जोड्नु हुँदैन, तर ऐतिहासिकता भने जोड्नुपर्छ। र, सबैको साझा र राष्ट्रकै सम्पत्तिको रूपमा विकास गर्नुपर्छ। यसले नयाँ वर्षलाई समयको परिवर्तनको रूपमामात्र होइन, सामाजिक चेतनाको पुनर्जागरणका रूपमा स्थापित गर्छ। त्यसैले यसको संरक्षण र प्रवर्द्धन गर्नु केवल स्थानीय समुदायको जिम्मेवारीमात्र होइन, सम्पूर्ण राष्ट्रको कर्तव्य हो।

अब नीतिगत प्रतिबद्धता, वैज्ञानिक अध्ययन, सांस्कृतिक सम्मान र दिगो विकासको स्पष्ट दृष्टिकोणको आवश्यक छ। यदि हामीले समयमै यसलाई अन्तर्राष्ट्रियस्तरमा स्थापित गर्न सक्यौं भने वैशाख १ को फूलबारी मेला केवल एउटा परम्परामात्र नभई नेपालको राष्ट्रिय गौरव र विश्व सांस्कृतिक सम्पदाको उज्यालो प्रतीक बन्न सक्छ। *रासस*

### पाठक मञ्च

# विरासतको लडाइँमा थलिएको कांग्रेस: फुट्ने कि जुट्ने ?

नेपाली कांग्रेसको पछिल्लो आन्तरिक कलह र अनुशासन समितिको कारबाही प्रक्रियासम्बन्धी समाचार पढ्दा एउटा निष्ठावान लोकतन्त्रवादी हुनुको नाताले मन विचलित भएको छ। देशकै सबैभन्दा पुरानो र लोकतान्त्रिक आन्दोलनको संवाहक शक्ति अहिले कुन दिशातिर जाँदै छ भन्ने गम्भीर प्रश्न खडा भएको छ।

पार्टीभित्रका दुई धार (गगन थापा नेतृत्वको निर्वाचित कार्यसमिति र शेरबहादुर देउवा पक्षधर समूह) बीचको टकरावले अहिले कांग्रेसलाई विभाजनको संघारमा पुर्‍याएको देखिन्छ। विशेष महाधिवेशनमार्फत गगन थापाले नेतृत्व सम्हालेपछि पार्टीमा नयाँ ऊर्जा आउने अपेक्षा गरिएको थियो। निर्वाचन आयोगले आधिकारिकता दिनु र १५औं महाधिवेशनको कार्यतालिका सार्वजनिक हुनुले संगठन चलायमान हुने संकेत गरेको थियो। तर, पूर्वउपसभापति पूर्णबहादुर खड्कालाई सोधिएको स्पष्टीकरण र त्यसको प्रतिउत्तरमा आएका अभिव्यक्तिहरूले पार्टीभित्र कति ठूलो खाडल छ भन्ने प्रस्ट पारेको छ।

खड्काले आफूलाई ‘कार्यवाहक सभापति’ दाबी गर्दै पटक-पटक विज्ञप्ति निकाल्नु र संस्थापनपक्षले त्यसलाई ‘नक्कली लेटरप्याड’को प्रयोग भन्नु विडम्बनापूर्ण छ। एकातिर १५औं महाधिवेशनका लागि सदस्यता नवीकरणको अभियान चलिरहेको छ भने अर्कोतिर सोही अभियानको विरोध गर्दै समानान्तर गतिविधि हुनुले कार्यकर्तामा चरम अन्योल पैदा गरेको छ। विधानको धारा ३४ बमोजिम स्पष्टीकरण सोधिनु अनुशासनको कडी त होला, तर खड्काले त्यसलाई ‘अर्थहीन र हास्यास्पद’ भनिदिनुले नेतृत्वको साखमाथि नै प्रश्न उठाएको छ।

यतिबेला पार्टीका शीर्ष नेताहरू अदालतको ढोका ढकढक्याउन व्यस्त छन्। १४औं महाधिवेशनको म्याण्डेट र विशेष महाधिवेशनको वैधानिकताबीचको यो कानुनी लडाइँले पार्टीलाई मात्र होइन, समग्र लोकतान्त्रिक प्रणालीलाई नै कमजोर बनाइरहेको छ। पूर्वसभापति देउवा हङकङमा रहेको र उनीमाथि सम्पत्ति शुद्धीकरणको अनुसन्धान सुरु भएको अवस्थामा पार्टीलाई एकजुट राख्नुपर्नेमा झन् विवाद चुलिनु दुर्भाग्यपूर्ण छ।

केन्द्रीय कार्यसम्पादन समितिले असन्तुष्ट पक्षलाई फकाउने जिम्मा सभापति गगन थापालाई दिएको छ। यो स्वागतयोग्य कदम हो। तर, थापाले भनेझैं उनको ‘लचकता र विनम्रता’लाई अर्को पक्षले कमजोरी ठान्ने र वार्तामा नै नबस्ने अडान लिने हो भने कांग्रेसको अस्तित्व नै धरापमा पर्न सक्छ। पार्टी फुट्नु वा नयाँ दल गठन हुनुले कसैको व्यक्तिगत स्वार्थ पूरा होला, तर मुलुकको राजनीतिमा यसले ठूलो रिक्तता र अस्थिरता ल्याउने निश्चित छ।

अतः नेतृत्वले इगो (अहंकार) त्यागेर बृहत्तर एकताका लागि संवादको मार्ग रोज्नुपर्छ। सर्वोच्च अदालतको फैसला पर्खिनु आफ्नो ठाउँमा छ, तर राजनीतिक समस्याको समाधान अदालतबाट भन्दा पनि आपसी समझदारी र महाधिवेशनको प्रक्रियाबाटै खोजिनुपर्छ। १५औं महाधिवेशनलाई सबै पक्षको साझा उत्सव बनाउन सकिएन भने नेपाली कांग्रेसको इतिहास केवल पानामामात्र सीमित रहने खतरा छ। कार्यकर्ता र आम नागरिकको भरोसा टुट्नुअघि नै नेताहरूको चेत खुलोस्।

- **रविन खड्का**, कपन, काठमाडौं



चीनको झेजियाङ प्रान्तको झाउशान सहरको झुजियाजियानस्थित नान्शा रमणीय क्षेत्रमा बालुवाको मूर्तिकलामा काम गर्दै एक कलाकार ।
*तस्बिरः सिन्ह्वा*

# भारतमा महिला आरक्षण विधेयक बहसमा

**नयाँदिल्ली–** भारतको संसद्मा महिलाका लागि एकतिहाइ सिट आरक्षण सुनिश्चित गर्ने ऐतिहासिक विधेयकमाथि बिहीबारदेखि बहस सुरु भएको छ । यस कदमले महिलाको राजनीतिक प्रतिनिधित्व बढाउने अपेक्षा गरिए पनि निर्वाचन क्षेत्र पुनः सीमांकनसँग जोडिएकाले देशको राजनीतिक सन्तुलनमा गहिरो प्रभाव पार्न सक्ने बहस चर्किएको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीले अघि बढाएको यो प्रस्ताव पारित भएमा संसद् र राज्य विधानसभामा महिलाका लागि ३३ प्रतिशत सिट अनिवार्य गर्ने सन् २०२३ को कानुनलाई व्यवहारमा छिटो लागू गर्ने छ । यो स्वतन्त्रतापछिको भारतमा राजनीतिक प्रतिनिधित्वमा सबैभन्दा ठूलो संरचनात्मक परिवर्तनमध्ये एक मानिने छ, जसले महिलाको सहभागिता उल्लेख्यरूपमा बढाउने सम्भावना देखिएको छ ।

तर, यही विधेयकलाई मतदाताको सिट सीमा पुनः निर्धारणसँग जोडिएको अर्को विवादास्पद प्रस्तावले जटिल बनाएको छ । उक्त पुनः सीमांकन लागू भएमा लोकसभाको सिट संख्या हालको ५४३ बाट बढेर करिब ८५० पुग्न सक्ने अनुमान गरिएको छ । यस विषयले राजनीतिक वृत्तमा तीव्र बहस जन्माएको छ ।

संसद्मा महिला आरक्षणप्रति व्यापक द्विदलीय समर्थन देखिए पनि निर्वाचन सीमांकनसम्बन्धी प्रस्तावले विपक्षी दलहरूको गम्भीर चिन्ता बढाएको छ । उनीहरूले जनसंख्याका आधारमा सिट पुनः निर्धारण हुँदा राजनीतिक शक्ति उत्तरी राज्यतर्फ केन्द्रित भई सत्तारूढ भारतीय जनता पार्टीलाई फाइदा पुग्न सक्ने आरोप लगाएका छन् ।

यो विधेयक संसद्को तीन दिने विशेष सत्रमा छलफलमा रहेको छ र पारित हुन दुवै सदनमा दुईतिहाइ बहुमत आवश्यक पर्ने छ । एसियाली क्षेत्रका नेपाल र बंगलादेशजस्ता देशहरूले राष्ट्रिय संसद्मा महिलाका लागि यस्तै कोटा प्रणाली अपनाइसकेका छन् । भारतले स्थानीय निकायमा एकतिहाइ महिला आरक्षण लागू गरिसकेको भए पनि राष्ट्रिय संसद्मा महिलाको प्रतिनिधित्व हाल करिब १४ प्रतिशतमात्र छ ।

समर्थकहरूले यो आरक्षणले सयौं महिलालाई प्रत्यक्षरूपमा विधायिकी राजनीतिमा ल्याउने र महिला स्वास्थ्य, शिक्षा तथा लैंगिक हिंसासम्बन्धी नीतिमा सकारात्मक परिवर्तन ल्याउने दाबी गरेका छन् । तर विस्तारित संसद्मा सिट बाँडफाँट कसरी गर्ने भन्ने विषय अझै स्पष्ट छैन ।

महिला अधिकारकर्मी रञ्जना कुमारीले यो कदमलाई भारतको लोकतन्त्रलाई अझ प्रतिनिधिमूलक बनाउने अवसरका रूपमा व्याख्या गरिन् । उनका अनुसार राजनीतिक दलहरू अब थप महिला उम्मेदवार खडा गर्न बाध्य हुने छन् । 'ढोका अलि खुला भएको छ, महिलाहरू विस्तारै भित्र पस्ने छन् र अन्ततः त्यो ठाउँ भरिने छ,' उनले भनिन् ।

युवा पुस्तामा पनि यो प्रस्तावले उत्साह जगाएको छ । २३ वर्षीया कानुन स्नातक प्रणिता गुप्ताले यसले महिलालाई राजनीतिमा सक्रिय हुने आत्मविश्वास दिने बताइन् । उनका अनुसार संसद्मा महिलाको उपस्थितिले सहभागिताको सोचलाई नै परिवर्तन गर्न सक्छ ।

तर सबैभन्दा ठूलो विवाद निर्वाचन क्षेत्र पुनः सीमांकन प्रक्रियामा केन्द्रित छ, जुन सन् २०११ को जनगणनाको आधारमा अघि बढाइने भनिएको छ । यसले लामो समयदेखि रोकिएको निर्वाचन क्षेत्रहरूको सीमांकन (कुन क्षेत्रबाट कति सांसद चुनिने भन्ने भूगोल पुनः निर्धारण गर्ने प्रक्रिया) फेरि सुरु हुन सक्ने देखिएको छ । विपक्षी दलहरूले जनसंख्याका आधारमा सीमांकन गर्दा शक्ति सन्तुलन उत्तर भारततर्फ झुक्ने र दक्षिणी राज्यहरूको प्रतिनिधित्व घट्ने चेतावनी दिएका छन् । उनीहरूको भनाइमा यसले राजनीतिक प्रभावमात्र नभई क्षेत्रीय असन्तुलन पनि बढाउन सक्छ । *रासस⁄एपी*

# इरान–अमेरिका वार्तामा सम्झौताप्रति आशा

**वासिङ्टन–** इरानसँगको शान्ति वार्ताको दोस्रो चरण अघि बढाउने विषयमा पाकिस्तानमार्फत कूटनीतिक प्रयास तीव्र भइरहेका बेला संयुक्त राज्य अमेरिकाले सम्झौतामा पुग्ने सम्भावनाप्रति आशावादी रहेको जनाएको छ । वासिङ्टनले पाकिस्तानमा सम्भावित नयाँ वार्ताबारे छलफल जारी रहेको पुष्टि गर्दै कूटनीतिक समाधानतर्फ सकारात्मक संकेत देखिएको बताएको हो ।

ह्वाइट हाउसकी प्रेस सचिव क्यारोलिन लेभिटका अनुसार पाकिस्तानी राजधानी इस्लामाबादमा थप वार्ताको सम्भावना खुला छ र त्यसबारे छलफल चलिरहेको छ । 'ती छलफलहरू जारी छन् र हामी सम्झौताको सम्भावनाबारे सकारात्मक महसुस गरिरहेका छौं,' उनले बिहीबार भनिन् ।

यो कूटनीतिक आशावाद पाकिस्तानको सक्रिय मध्यस्थता र साउदी अरबका युवराज मोहम्मद बिन सलमानसँग पाकिस्तानी प्रधानमन्त्री शाहबाज सरिफको हालैको चारदिने भेटपछि आएको हो । यसैबीच, तेहरान पुगेको पाकिस्तानी प्रतिनिधिमण्डलले इरानी अधिकारीहरूसँग नयाँ वार्ता र अमेरिकी सन्देश आदानप्रदान गर्ने तयारी गरेको छ । यसअघि पहिलो चरणको वार्तामा संलग्न अमेरिकी उपराष्ट्रपति जेडी भान्सले इरानलाई 'ग्राण्ड डिल' प्रस्ताव गरिएको बताएका छन् । यसको उद्देश्य इरान-अमेरिका-इजरायलबीच जारी छ हप्ते द्वन्द्व अन्त्य गर्नुका साथै इरानको आणविक कार्यक्रमसम्बन्धी दशकौं पुरानो विवाद समाधान गर्नु रहेको छ ।

इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुले इजरायल र अमेरिकाको साझा लक्ष्य इरानको संवर्द्धित आणविक सामग्री हटाउनु, संवर्द्धन क्षमता अन्त्य गर्नु र होर्मुज जल डमरूमध्य पुनः खोल्नु रहेको बताएका छन् । यो जल डमरूमध्य विश्वको करिब पाँचौं भाग कच्चा तेल ढुवानी हुने महत्त्वपूर्ण मार्ग हो, जुन द्वन्द्व सुरु भएयता अवरुद्ध बनेको छ । आर्थिक क्षेत्रमा अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)की प्रमुख क्रिस्टालिना जर्जिएवाले युद्ध लम्बिएमा र तेलको मूल्य उच्च रहेमा विश्व अर्थतन्त्र गम्भीर दबाबमा पर्ने चेतावनी दिएकी छन् । उनका अनुसार यस्तो अवस्थाले मुद्रास्फीति र खाद्य मूल्यमा प्रत्यक्ष असर पार्न सक्छ ।

कूटनीतिक आशावादसँगै विश्वबजारमा पनि प्रभाव देखिएको छ । वाल स्ट्रिटमा सेयर बजार उकालो लागेको छ भने प्रमुख सूचकांकहरू रेकर्ड नजिक पुगेका छन् । अर्कोतर्फ, कच्चा तेलको मूल्यमा गिरावट आएको छ । यता सैन्य मोर्चामा तनाव कायमै छ । अमेरिकी सेन्ट्रल कमाण्ड (सेन्टकम) ले इरानमाथि लगाइएको नाकाबन्दी प्रभावकारी रहेको दाबी गर्दै पहिलो ४८ घण्टामा इरानी बन्दरगाहबाट बाहिर निस्कने प्रयास गरेका १० वटा जहाजलाई फर्काइएको जनाएको छ । 'कुनै पनि जहाजले अवरोध तोड्न सकेको छैन,' सेन्टकमले भनेको छ ।

तर इरानी सञ्चारमाध्यमहरूले दक्षिणी इरानबाट समुद्री ढुवानी जारी रहेको दाबी गरेका छन्, जसले स्थिति अझै अनिश्चित रहेको देखाएको छ । इरानका सैन्य कमाण्डर अली अब्दुल्लाहीले अमेरिकी नाकाबन्दी नहटाइए भने क्षेत्रीय व्यापार रोक्ने चेतावनी दिए । साथै, इरानका सर्वोच्च नेता मोजताबा खामेनीका सैन्य सल्लाहकार मोहसेन रेजाईले अमेरिकी जहाजहरू जल डमरूमध्यमा प्रवेश गरेमा लक्षित गर्ने चेतावनीसमेत दिए ।

त्यसैबीच, इरानी विदेशमन्त्री अब्बास अराघचीले पाकिस्तानी सेना प्रमुख असीम मुनीरको नेतृत्वमा आएको प्रतिनिधिमण्डलसँग तेहरानमा छलफल गरेका छन् । इरानी राज्य सञ्चारमाध्यमका अनुसार उक्त छलफलले अमेरिका-इरान वार्ताको दोस्रो चरण अघि बढाउने वातावरण बनाउने अपेक्षा गरिएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कुनै पनि सम्झौताले इरानलाई आणविक हतियार प्राप्त गर्नबाट स्थायीरूपमा रोक्नुपर्नेमा जोड दिए । उनका अनुसार इरान आणविक हतियार विकासको नजिक पुगेको दाबी भए पनि संयुक्त राष्ट्रसंघको आणविक निगरानी निकायले त्यसलाई पुष्टि गरेको छैन । *रासस⁄एएफपी*



## वार्ताको पहलका लागि पाकिस्तानी प्रधानमन्त्री कतारमा


**दोहा–** संयुक्त राज्य अमेरिका र इरानबीचको युद्धविरामको प्रमुख मध्यस्थकर्ता पाकिस्तानका प्रधानमन्त्री बिहीबार कतार आइपुगेका छन् । वासिङ्टन र तेहरानबीच दोस्रो चरणको शान्ति वार्ताका लागि वातावरण बनाउन उनले बुधबार साउदी अरबका उच्च पदस्थ अधिकारीसँग भेटवार्ता गरेका थिए ।

शहबाज सरिफको कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'साउदी अरबको भ्रमणपछि उहाँको प्रतिनिधिमण्डल दोहा आइपुगेको छ र उहाँले कतारका अमिर शेख तमिम बिन हमाद अल थानीसँग भेट्ने अपेक्षा गरिएको छ ।' क्षेत्रीय र विश्वव्यापी शान्तिका लागि पाकिस्तानले गरिरहेको प्रयासबारे उनीहरूले विचार आदानप्रदान गर्ने उनको कार्यालयले जनाएको छ । पाकिस्तानी प्रधानमन्त्रीले सरिफले मध्यपूर्वको भ्रमणपछि टर्की जाने कार्यक्रम तय भएको छ ।

गत सप्ताहन्तमा इस्लामावादमा अमेरिकी र इरानी प्रतिनिधिमण्डलहरूबीच भएको उच्चस्तरीय वार्ताबाट कुनै सम्झौता हुन सकेको थिएन । अप्रिल ७ मा दुई हप्ताको युद्धविराम सुरु भएपछि मध्यपूर्वमा युद्ध स्थायीरूपमा अन्त्य गर्ने सम्बन्धमा पाकिस्तानमा भएको वार्ताले तत्काल कुनै सहमत गर्न विफल भएको थियो ।

इरानमाथि अमेरिका र इजरायलको आक्रमणका कारण फेब्रुअरीको अन्त्यतिर सुरु भएको युद्धको प्रारम्भमा कतारको ऊर्जा पूर्वाधारमा इरानको आक्रमणका कारण दोहाले तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) उत्पादन रोक्न बाध्य भएको थियो । *रासस⁄एएफपी*

# पूर्वानुमानभन्दा माथि चीनको वृद्धि



**बेइजिङ–** मध्यपूर्वको युद्धका कारण विश्व अर्थतन्त्र अनिश्चिततामा रहेका बेला चीनले भने सन् २०२६ को पहिलो त्रैमासिकमा अपेक्षाभन्दा राम्रो आर्थिक प्रदर्शन गर्दै पाँच प्रतिशत वृद्धि हासिल गरेको छ । यसले बाह्य दबाबबीच पनि चिनियाँ अर्थतन्त्रको स्थायित्वलाई देखाएको विश्लेषकहरूले बताएका छन् ।

चीनको राष्ट्रिय तथ्यांक ब्युरो (एनबिएस) ले बिहीबार सार्वजनिक गरेको तथ्यांकअनुसार जनवरीदेखि मार्चसम्मको अवधिमा विश्वको दोस्रो ठूलो अर्थतन्त्रको कूल गार्हस्थ उत्पादन (जिडिपी) वार्षिक आधारमा पाँच प्रतिशतले वृद्धि भएको छ । यो दर एएफपीले गरेको ४.८ प्रतिशतको पूर्वानुमानभन्दा माथि रहेको हो ।

सरकारले यस वर्षका लागि ४.५ देखि ५.० प्रतिशतसम्मको आर्थिक वृद्धिदर लक्ष्य राखेको छ, जुन पछिल्ला दशकहरूमा सबैभन्दा न्यून लक्ष्यमध्ये एक मानिन्छ । यद्यपि, पछिल्ला वर्षहरूमा रियल स्टेट क्षेत्रमा देखिएको दीर्घकालीन संकट र आन्तरिक उपभोगमा आएको सुस्तताका कारण नेतृत्वलाई आर्थिक लक्ष्य पूरा गर्न निर्यातमा अझ बढी निर्भर रहनुपरेको छ ।

त्यसैबीच, उपभोक्ता खर्चको संकेत दिने खुद्रा बिक्री मार्च महिनामा १.७ प्रतिशतलेमात्र वृद्धि भएको छ, जुन ब्लुमबर्गले गरेको २.४ प्रतिशतको अनुमानभन्दा कम हो । यसले घरेलु माग अझै कमजोर रहेको संकेत गरेको छ ।

औद्योगिक उत्पादनतर्फ भने सकारात्मक संकेत देखिएको छ । मार्चमा औद्योगिक उत्पादन ५.७ प्रतिशतले वृद्धि भएको एनबिएसले जनाएको छ, जुन ब्लुमबर्गको ५.३ प्रतिशतको अनुमानभन्दा बढी हो । तर, जनवरी र फेब्रुअरीमा संयुक्त रूपमा रहेको ६.३ प्रतिशत वृद्धिदरको तुलनामा भने यसमा केही सुस्तता आएको देखिन्छ ।

विश्वव्यापी ऊर्जा बजारमा देखिएको अस्थिरताले पनि चीनको आर्थिक अवस्थालाई नजिकबाट प्रभाव पारिरहेको छ । विशेषगरी, इरानसँग सम्बन्धित अमेरिका-इजरायल द्वन्द्वका कारण तेल र ग्यासको मूल्यमा वृद्धि भएको छ । होर्मुज जल डमरूमध्यबाट हुने ढुवानीमा अवरोध आएपछि विश्व ऊर्जा आपूर्ति प्रभावित बनेको छ, जहाँबाट विश्वको झण्डै पाँचौं भाग तेल तथा ग्यास आपूर्ति हुन्छ ।

यद्यपि, विज्ञहरूले चीनको ऊर्जा आपूर्ति स्रोत विविध भएकाले तत्काल ठूलो धक्का नलाग्ने बताएका छन् । तर, युद्ध लम्बिँदै गएमा विश्वव्यापी आर्थिक मन्दी आउन सक्ने र त्यसले चीनको निर्यात मागमा गिरावट ल्याउन सक्ने चिन्ता भने कायम रहेको छ । *रासस⁄एएफपी*

**Invitation for Seal Quation**

**Purbichauki Rural Municipality**
**Doti**
**Invitation of Bids for the Online Bids**
**Date of publication: 17 April 2026 [2083-01-04]**

1. The **Purbichauki Rural Municipality**, Doti invites electronic seal Quatation from the Neplese eligible bidders for the following works

| SN | IFB No. | Description of Works | Bid Validity Period in Days/ Bid security Period in days | Estimated Amount ( Without VAT) | Id Security Amount in (NRs) | Id Document Fee in (NRs) non refundable |
|---|---|---|---|---|---|---|
| 1. | PRM/DOTI/MD/ SQ-08/082/082 | Construction of Sajendshwor Deuta ko mul Ghar Nirman Purbichauki RM 01 Doti | 75 days | 959,290.98 | 20000 | 1000 |
| 2 | PRM/DOTI/R/ NCB-09/082/082 | Construction and maintance of Sajghat-Gairagaun Road Purbichauki Rm 03 and Dhanukada-Simpata-Batal-agaun Road Purbichauki Rm 05 | 75days | 1,805,359.94 | 50000 | 1000 |

a. **Deadline for bid submission: [2083/01/16] 12:00 PM**
b. **Date, time and place of bid Opening**: **[2083/01/16], 1:00 PM,** Purbichauki Rural Municipality, Sanagaun, Doti.
c. **Account No. for bid document purchase:** Name of Bank: Global IME Bank Purbichauki Branch, Doti Name of Office: Purbichauki Rural Municipality, Doti. Office Code No.: 801077106 Office Account Number: 14304010000011
d. **Account No. for bid security deposit:** Account Name: Purbichauki Rural Municipality, Doti Bank Name Global IME Bank Purbichauki Branch, Doti **Dharauti Account Number: 14304010000004**

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Purbichauki Rural Municipality Sanagaun, Doti, karkirambahadur915@gmail.com, and facsimile numbers : 9852822675**[or may visit PPMO website www.bolpatra.gov.np.]

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य** — छापावाला सुन / तेजाबी सुन / चाँदी

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०२८०० | प्रति तोला – ० | प्रति तोला – ५२५० |

## एडिबी निर्देशक र सञ्चारमन्त्रीबीच भेटवार्ता



■ प्रभाव संवाददाता

**काठमाडौं** – सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनासँग एसियाली विकास बैंक (एडिबी) का नेपाल निर्देशक आर्नो कोस्वासहितको प्रतिनिधिमण्डलले शिष्टाचार भेटवार्ता गरेको छ । सिंहदरबारस्थित सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा भएको भेटवार्ताका क्रममा नेपाल सरकार र एडिबीबीच 'डिजिटल' रूपान्तरणका क्षेत्रमा सहकार्य सुदृढ बनाउने विषयमा छलफल भएको हो ।

उक्त भेटवार्ताका क्रममा विशेषगरी 'नेपाल: डिजिटल ट्रान्सफर्मेसन प्रोजेक्ट' को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीतिगत तथा प्रक्रियागत सहजीकरणका विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ ।

एडिबीका नेपाल निर्देशक कोस्वाले परियोजनाको सफल कार्यान्वयनका लागि सरकारी निकायबीच समन्वय, नीतिगत स्पष्टता र प्रक्रियागत सरलता अपरिहार्य रहेको उल्लेख गर्दै सरकारसँग थप सक्रिय सहकार्यको अपेक्षा व्यक्त गरे । उनले एडिबीको प्राथमिकतामा निजी क्षेत्रको व्यावसायिक वातावरण सुधार, सूचना प्रविधि क्षेत्रको प्रवर्द्धन तथा रोजगारी सिर्जना जस्ता क्षेत्रहरू रहेका स्पष्ट पारे ।

डिजिटल अर्थतन्त्र विस्तार गर्न नेपालले निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीतिगत वातावरण तयार गर्नुपर्नेमा कोस्वाले जोड दिए । नेपालमा प्रविधिमा आधारित उद्योगहरूको विकासले आर्थिक वृद्धिमा मात्र नभई युवाहरूलाई रोजगारी सिर्जनामा पनि ठूलो योगदान पुऱ्याउन सक्ने उहाँले धारणा राखे ।

कोस्वाले नेपालका सम्भावनायुक्त क्षेत्रहरूको चर्चा गर्दै कृषि, पर्यटन र सूचना प्रविधि क्षेत्रलाई डिजिटल रूपान्तरणसँग जोड्न सके उल्लेखनीय लाभ लिन सकिने उल्लेख गरे । उनले विशेष रूपमा साइबर सुरक्षा, डाटा सुरक्षा, क्लाउड नीति तथा कृत्रिम बौद्धिकता (एआई) लाई नेपालको डिजिटल भविष्यका प्रमुख आधारस्तम्भका रूपमा चित्रण गर्दै यी क्षेत्रमा समयमै लगानी र स्पष्ट नीतिनिर्माण नगरे नेपाल डिजिटल प्रतिस्पर्धामा पछि पर्न सक्ने संकेत गरे ।

उक्त भेटवार्ताका क्रममा सञ्चारमन्त्री तिमिल्सिनाले एडिबीले नेपाललाई निरन्तर रूपमा उपलब्ध गराउँदै आएको आर्थिक तथा प्राविधिक सहयोगप्रति आभार व्यक्त गर्दै सरकारले विकास आयोजनाहरूलाई छिटो, प्रभावकारी र नतिजामुखी रूपमा सम्पन्न गर्न प्रतिबद्ध रहेको बताए । उनले विगतमा सूचना प्रविधि पूर्वाधार विकासमा देखिएका समस्याहरूलाई स्वीकार्दै अब सरकारले विगतभन्दा फरक ढङ्गले काम गर्ने स्पष्ट पारे ।

पूर्वाधार निर्माण र नागरिक सेवा प्रवाह सरकारको पहिलो प्राथमिकतामा रहेको उल्लेख गर्दै सञ्चारमन्त्री तिमिल्सिनाले विगतका सरकारको भन्दा अहिले कामको गति बढ्न थालेको र नतिजा देखिन थालेको बताए । डिजिटल पूर्वाधार विकासलाई नेपालले उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै उनले सरकार यस क्षेत्रमा ठोस सुधार र लगानी गर्न प्रतिबद्ध रहेको बताए । साथै यसमा एडिबीको निरन्तर सहकार्य रहने अपेक्षा उनले व्यक्त गरे ।

सञ्चारमन्त्री तिमिल्सिनाले डिजिटल रूपान्तरणलाई प्रविधिको विस्तारका रूपमा मात्र नभई समग्र शासन प्रणाली सुधार, सेवा प्रवाहको सहजता र पारदर्शिता अभिवृद्धिको माध्यमका रूपमा लिइने पनि स्पष्ट पारे । यसका लागि सरकारी सेवा डिजिटल माध्यमबाट प्रभावकारी रूपमा उपलब्ध गराउने लक्ष्यका साथ नीति सुधार, पूर्वाधार विस्तार र जनशक्ति विकासमा सरकार केन्द्रित हुने उनको भनाइ छ ।

नेपालमा लगानीयोग्य वातावरण निर्माणमा सरकार प्रतिबद्ध भएर लागेको पनि सञ्चारमन्त्री तिमिल्सिनाले उल्लेख गरे । भेटवार्तामा मन्त्रालयका उच्च पदाधिकारी, परराष्ट्र मन्त्रालयका प्रतिनिधि तथा एडिबीका अन्य अधिकारीहरूको पनि सहभागिता थियो ।

## ऊर्जा तथा जलस्रोत क्षेत्रको सुधार गरी नतिजामुखी बनाउन निर्देशन

■ प्रभाव संवाददाता



> विद्युत् क्षेत्र सुधारतर्फ, विद्युत् नियमन आयोगलाई 'ओपन एक्सेस' प्रणाली कार्यान्वयनका लागि ३० दिनभित्र आवश्यक 'ह्विलिङ चार्ज' निर्धारण गर्न भनिएको छ । यसले निजी तथा सार्वजनिक क्षेत्रबीच प्रतिस्पर्धात्मक विद्युत् कारोबारको ढोका खोल्ने अपेक्षा गरिएको छ ।
>
> ■ **विराजभक्त श्रेष्ठ**
> मन्त्री, ऊर्जा, सिंचाई र जलस्रोत मन्त्री

**काठमाडौं**– ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले ऊर्जा तथा जलस्रोत क्षेत्रको संरचनात्मक सुधार, पारदर्शिता अभिवृद्धि र कार्यसम्पादनलाई नतिजामुखी बनाउन सम्बन्धित निकायलाई निर्देशन जारी गरेका छन् ।

उनले बिहीबार समय सीमासहित विस्तृत कार्ययोजना पेस गर्न सम्बन्धित निकायलाई निर्देशन जारी गरेका हुन् । उक्त निर्देशनमा विद्युत् बजार सुधारदेखि सिँचाइ प्रणाली सुदृढीकरणसम्मका बहुआयामिक विषय समेटिएका ३२ बुँदा छन् । मन्त्रालयले सबै कार्ययोजना तोकिएको समय सीमाभित्र कार्यान्वयन गर्न सम्बन्धित निकायलाई स्पष्ट जिम्मेवारी तोकेको छ । साथै नियमित रूपमा सघन अनुगमनसमेत हुने जनाइएको छ ।

'लामो गृहकार्य, सरोकार पक्षसँगको घनिभूत छलफलपछि जलस्रोत तथा ऊर्जा क्षेत्रको सुदृढीकरण गर्न यो निर्देशन जारी भएको छ', मन्त्री श्रेष्ठले भने, 'यो देखाउनका लागि मात्र निर्देशन दिइएको होइन, यसकै आधारमा अब हाम्रा नीति, योजना र कार्यक्रमको मार्गचित्र निर्माण हुनेछ ।' उक्त निर्देशनमा विद्युत् क्षेत्र सुधारतर्फ, विद्युत् नियमन आयोगलाई 'ओपन एक्सेस' प्रणाली कार्यान्वयनका लागि ३० दिनभित्र आवश्यक 'ह्विलिङ चार्ज' निर्धारण गर्न भनिएको छ । यसले निजी तथा सार्वजनिक क्षेत्रबीच प्रतिस्पर्धात्मक विद्युत् कारोबारको ढोका खोल्ने अपेक्षा गरिएको छ । साथै, जलाशययुक्त तथा 'पम्प स्टोरेज' आयोजनाका लागि मौसमी र 'पिक डिमान्ड'का आधारमा फरक महसुल संरचना लागू हुनेछ, जसले विद्युत् उत्पादन र खपत व्यवस्थापनलाई सन्तुलित बनाउनेछ ।

नेपाल विद्युत् प्राधिकरणलाई हालसम्मका सबै पिपिए (विद्युत् खरिद सम्झौता) विवादका सूची र समाधानका विकल्पसहित प्रतिवेदन पेस गर्न निर्देशन दिइएको छ । विद्यमान पिपिएमध्ये सञ्चालनमा रहेका, ढिलाइ भएका र जोखिममा रहेका आयोजनामा वर्गीकरण गरी स्पष्ट अवस्थासहितको प्रतिवेदन बुझाउन भनिएको छ । जलाशययुक्त आयोजनामा निजी क्षेत्रलाई आकर्षित गर्ने उद्देश्यले यस्ता आयोजनाको अनुमतिपत्रको अवधि ५० वर्ष कायम गर्ने गरी नीति ल्याइने जनाइएको छ ।

विद्युत् नियमन आयोग, विद्युत् उत्पादन कम्पनी र राष्ट्रिय प्रसारण ग्रिड कम्पनीलाई कार्यसम्पादन, जिम्मेवारीमा रहेको दोहोरोपन र सुधारका आवश्यक पक्ष पहिचान गरी ३० दिनभित्र प्रतिवेदन बुझाउन भनिएको छ । विद्युत् विकास विभागलाई ६० दिनभित्र देशभरका सबै जलविद्युत् आयोजनाका सर्वेक्षण तथा निर्माण अनुमतिपत्रहरूको विस्तृत विवरण सार्वजनिक गर्न निर्देशन दिइएको छ ।

नियम पालना नगर्ने कम्पनीहरूलाई 'क्योर नोटिस' जारी गरिने र समीक्षा नगरी नयाँ अनुमतिपत्र जारी नगरिने व्यवस्था गरिएको छ । सार्वजनिक रूपमा पहुँचयोग्य 'लाइसेन्स पर्फर्मेन्स ड्यासबोर्ड' स्थापना गरी मासिक अद्यावधिक गर्ने योजना पनि अघि सारिएको छ । नयाँ जलविद्युत् आयोजना अघि बढाउँदा 'ग्रिड इभ्याकुएसन' अर्थात् उत्पादित विद्युत् प्रसारण गर्न सक्ने पूर्वाधारलाई अनिवार्य पूर्वशर्त बनाइएको छ ।

ऊर्जा क्षेत्रको नयाँ आयामका रूपमा 'कार्बन रेभेन्यु युनिट' स्थापना गरिने मन्त्रालयले जनाएको छ, यसले कार्बन व्यापारसम्बन्धी परियोजनाको दर्ता, प्रमाणीकरण र लाभ बाँडफाँटको मापदण्ड तयार गर्नेछ । साथै साना आयोजनाको लागत घटाउन सहयोग गर्ने अपेक्षा गरिएको छ ।

आन्तरिक विद्युत् खपत बढाउन नेपाल विद्युत् प्राधिकरण र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले संयुक्त रूपमा राष्ट्रिय माग तथा खपत योजना तयार गर्नेछन् । नेपाल पावर ट्रेडिङ कम्पनीलाई पूर्ण रूपमा सक्रिय बनाउँदै दीर्घकालीन विद्युत् निर्यात मार्गचित्र तयार गरिने निर्देशनमा उल्लेख छ । नवीन प्रविधि प्रयोगलाई प्राथमिकता दिँदै २४सैं घण्टा सञ्चालन हुने 'एआई च्याटबोट' मार्फत उपभोक्ताका गुनासा र विद्युत् अवरोधसम्बन्धी समस्या समाधान गर्ने व्यवस्था गरिने मन्त्रालयले जनाएको छ ।

## नेप्सेमा दोहोरो अंकको गिरावट

**काठमाडौं (प्रस)**– नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा गिरावट देखिएको छ । बिहीबार नेप्से परिसूचक ३३ दशमलव ८३ अंकले घटेर दुई हजार ८३३ दशमलव शून्य तीन अंकमा कायम भएको हो । यो एक दशमलव १८ प्रतिशतको गिरावट हो ।

३४२ कम्पनीको दुई करोड सात लाख ४३ हजार ८८४ कित्ता शेयर एक लाख ११ हजार ६०७ पटक खरिद बिक्री हुँदा रु नौ अर्ब ३१ करोड २८ लाख ६० हजार ८०८ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ८०, विकास बैंक एक दशमलव १५, वित्त एक दशमलव ९८, होटल तथा पर्यटन शून्य दशमलव ५०, जलविद्युत् एक दशमलव ५१ र लगानी समूह एक दशमलव २७ प्रतिशतले घटेको छ ।

त्यस्तै, जीवन बीमा शून्य दशमलव ९०, उत्पादन तथा प्रशोधन एक दशमलव ५४, लघुवित्त शून्य दशमलव ७१, म्युचुअल फण्ड शून्य दशमलव १४, निर्जीवन बीमा एक दशमलव २८, व्यापार एक दशमलव शून्य एक र अन्य समूह एक दशमलव ९० प्रतिशतले घटेको छ ।

रिजलाइन इनर्जी लिमिटेड र सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी सिन्धु विकास बैंकको शेयर मूल्य नौ दशमलव ४७ प्रतिशत घटेको नेप्सेले जनाएको छ ।

## कर्पोरेट

### एनआईसीको सम्पत्ति लिलाम बिक्रीबारे जानकारी अनलाइनबाट




**काठमाडौं (प्रस)**– एनआइसी एशिया बैंक लिमिटेडको नाममा रहेका बैंकिङ्ग सम्पत्तिहरू, गैर बैंकिङ्ग सम्पत्ति तथा धितो सुरक्षणमा रहेको सम्पत्तिसमेतको लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारी गराउने उद्देश्यले एक अनलाईन पोर्टल सार्वजनिक गरिएको छ ।

बैंकले सञ्चालनमा ल्याएको यस अनलाईन पोर्टल मार्फत बैंकले लिलाम बिक्री गर्ने सम्पत्तिहरू सम्बन्धी सम्पूर्ण सूचनाहरूको बारेमा विस्तृत जानकारी समेटिएको छ । यसको लागि ग्राहक महानुभावहरूले लिलाम बिक्री सम्बन्धी प्रकाशन गरिएको सूचनामा रहेको क्युआर कोड स्क्यान गरी आउने पोर्टलभित्र लिलाम बिक्रीमा रहेका सम्पत्तिहरूको कित्ता नं. तथा क्षेत्रफल सहितको विवरण, फोटो, नक्सा एवं उक्त सम्पत्तिको स्थान (लोकेशन) पहिचानका लागि गुगल म्याप सहितका विविध जानकारीहरू प्राप्त गर्न सकिनेछ ।

यसरी ग्राहकले बैंकले लिलाम बिक्रीमा राखिएको सम्पत्तिको सम्बन्धमा खरिद गर्न चाहेको सम्पत्तिको बारेमा थप जानकारी लिन आवश्यक भएमा सोही सम्पत्ति विवरण रहेको ठाउँमा उपलब्ध म्यासेज बक्समा आफ्नो पूरा नाम, इमेल ठेगाना, मोबाइल नम्बर, सम्पर्क ठेगाना राखी म्यासेज समेत पठाउन सकिने व्यवस्था बैंकले गरेको छ ।

बैंकले सञ्चालनमा ल्याएको उक्त अनलाईन पोर्टलमा नियमित रूपमा बैंकिङ्ग सम्पत्ति, गैर बैंकिङ्ग सम्पत्ति तथा बैंकमा धितो सुरक्षण रही लिलाम बिक्रीमा रहेको सम्पत्तिहरू र लिलाम बिक्री सम्बन्धी अन्य सूचनाहरू प्रकाशित गरिने हुँदा खरिद गर्न इच्छुक ग्राहकहरूले अनलाईन पोर्टलबाटै बिक्री हुने सम्पत्तिहरूको विस्तृत विवरणहरू सहितको जानकारी लिई लाभ लिन सकिने बैंकले जनाएको छ ।

### नेपाल इटाली उद्योग वाणिज्य संघद्वारा सांसद तामाङलाई सम्मान



**काठमाडौं (प्रस)**– नेपाल इटाली उद्योग वाणिज्य संघ (एनआईसिसीआई)ले अध्यक्ष संजय अग्रवालको नेतृत्वमा तथा बोर्ड सदस्यहरूको उपस्थितिमा नवनिर्वाचित सांसद बसु माया तामाङलाई सम्मान गगरेको छ ।

एनआईसिसीआईको सम्मानित सदस्य तामाङलाई व्यवसायिक समुदाय तथा सामाजिक विकासमा समर्पण, नेतृत्व र सक्रिय योगदानका लागि चिनिन्छ । उनी निर्वाचित हुनु सार्वजनिक सेवा तथा समावेशी विकासप्रति उनको निरन्तर प्रतिबद्धताको प्रतिबिम्ब भएको उक्त अवसरमा जनाइएको थियो । उक्त अवसरमा तामाङलाई बधाई दिँदै संसद्मा उनको अर्थपूर्ण योगदान रहने विश्वास गरिएको थियो ।

### बाइक–स्कुटर साटेर टियागो इभि चढ्ने मौका

**काठमाडौं (प्रस)**– नेपालमा विद्युतीय सवारीसाधनप्रति बढ्दो आकर्षणलाई लक्षित गर्दै नेपालको टाटा मोर्टसका लागि आधिकारिक वितरक सिप्रदी ट्रेडिंगले विशेष एक्सचेन्ज योजना सार्वजनिक गरेको छ । 'स्विच टु टियागो इभी' नाम दिइएको यो अभियान अन्तर्गत ग्राहकहरूले आफ्नो पुरानो बाइक वा स्कुटर साटेर नयाँ टाटा टियागो इभी लैजान सकिने जनाइएको छ ।




यो विशेष क्याम्पेन अप्रिल १७, १८, १९ र २० तारिखमा देशभर सञ्चालन हुनेछ । अभियान अन्तर्गत जुनसुकै ब्रान्डको बाइक वा स्कुटर प्रयोगकर्ताले आफ्नो सवारीको एक्सचेन्ज गरी आकर्षक सुविधासहित टियागो इभी खरिद गर्न सक्ने व्यवस्था गरिएको कम्पनीले जनाएको छ ।

यस अफरमा ग्राहकहरूले केवल ४ लाख ९९ हजार रूपैयाँ डाउनपेमेन्टमा टियागो इभी आफ्नो बनाउन सक्नेछन् । योजना अन्तर्गत पुराना दुईपाङ्गे सवारीको उत्कृष्ट मूल्यांकन, आकर्षक नगद छुट, निःशुल्क एक्सेसरिज, र एक वर्षको सवारी कर छुट जस्ता विशेष सुविधा उपलब्ध हुनेछन् ।

त्यसैगरी ग्राहकहरूले सिप्रदी नेटवर्कमार्फत आजीवन निःशुल्क डीसी फास्ट चार्जिङ, साथै निःशुल्क होम चार्जिङ इन्स्टलेसनको सुविधा समेत रहेको छ । साथै एकजना भाग्यशाली ग्राहकले लक्कि ड्र मार्फत आइफोन-१७ प्रो-म्याक्स जित्ने सक्ने मौका पनि रहेको कम्पनीले जनाएको छ । सुरक्षित, आरामदायी र आधुनिक प्रविधियुक्त विद्युतीय कार प्रयोग गर्न चाहने ग्राहकका लागि यो योजना प्रभावकारी हुने विश्वास कम्पनीको छ । इच्छुक ग्राहकहरूले देशभर रहेका टाटा मोर्टसका आधिकारिक शोरुमहरूमा पुगेर अप्रिल १७, १८, १९ र २० २०२६ का दिन उक्त अफरको लाभ लिन सक्नेछन् ।

## यातायात कार्यालयद्वारा नौ महिनामा २३ करोड बढी राजस्व संकलन

**मध्यविन्दु (नवलपरासी) (प्रस)**– यातायात व्यवस्था कार्यालय नवलपरासी(बर्दघाट सुस्तापूर्व)ले चालु आर्थिक वर्षको नौ महिनामा रु २३ करोड ३० लाख १६ हजार २२ राजस्व संकलन गरेको छ । चालु आवको साउनदेखि चैत मसान्तसम्म सवारीसाधन कर, चालक अनुमतिपत्र, सवारी दर्तालगायतका विभिन्न शीर्षकमा सो राजस्व संकलन भएको कार्यालय प्रमुख टेकबहादुर नेपालीले बताए ।

उनले भने, 'यो अवधिमा सवारीसाधन कर सङ्कलनबापत रु १९ करोड २४ लाख २२ हजार २७०, सवारी चालक अनुमतिपत्र एवं सवारी दर्ता किताबबापत रु तीन करोड ७४ लाख ९२ हजार २३४, यातायात क्षेत्रको आम्दानी राजस्व शीर्षकमा रु २३ लाख २ ९ हजार ९९० र अन्य प्रशासनिक सेवा शुल्कबापत रु सात लाख ७१ हजार ५२८ राजस्व सङ्कलन भएको छ ।'

यातायात व्यवस्था कार्यालयले कर संकलनलाई व्यवस्थित र प्रभावकारी बनाउन चैत महिनामा विशेष अभियान नै सञ्चालन गरेको कार्यालय प्रमुख नेपालीले बताए । यो अभियानअन्तर्गत 'बिलबुक' नवीकरण, जाँच पास, रुट परमिट तथा सवारी चालक अनुमतिपत्रको चेकजाँचलाई विशेष प्राथमिकता दिइएको थियो ।

'प्रदेश सरकारले राजस्व वृद्धि गर्ने लक्ष्यसहित कर संकलन प्रक्रियालाई चुस्त-दुरुस्त बनाउन विशेष योजना अघि बढाएको थियो सोहीअनुसार राजस्व संकलन पनि वृद्धि भयो', उनले भने, 'यातायात सेवालाई नियमित र पारदर्शी बनाउँदै कर सङ्कलनको लागि विभिन्न अभियान सञ्चालन गर्ने गरेका छौँ ।'

सेवाग्राहीलाई सहज सेवा प्रदान गर्न यातायात कार्यालयले विशेष व्यवस्था गरेको सूचना अधिकारी टेकनारायण तिवारीले बताए । कर तिर्न आउने सेवाग्राहीको भीडलाई व्यवस्थित गर्न अतिरिक्त कर्मचारी खटाइएको तिवारीले जनकारी दिए ।

'सेवा लिने क्रम छिटो होस् भन्ने उद्देश्यले छुट्टै काउन्टरको व्यवस्था गरिएको छ', उनले भने, 'कर तिर्दा आवश्यक पर्ने कागजात तथा अन्य जानकारी सहजै उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।' गत आव २०८१/८२ को यही अवधिमा यातायात व्यवस्था कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व)ले रु २३ करोड ५४ लाख ३० हजार ९८० राजस्व संकलन गरेको थियो ।

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित  **मुद्रण**: एक्प्रेस कलर प्रेस,  **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल  फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८,  इमेल: prabhabdailynews@gmail.com,  **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com,  **प्रबन्ध निर्देशक**: कृष्ण कार्की,  **सम्पादक**: विष्णु तामाङ